का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ असार २०७९,
सोमबार
11 July 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १५६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



इस्लाम धर्मावलम्बीले मनाउने दोस्रो ठूलो चाड बकरिद (इद ल अजहा) उपलक्ष्मा आइतबा विहान मोरङको विराटनगर-१९ स्थित इदगाहमा सामूहिक नमाज पाठ गर्दै । तस्वीर: मनोज, रासस

## बढ्यो चिनियाँ चासो

पछिल्लो समय नेपालमा चिनियाँ चासो बढेको छ । अमेरिकी सहयोग सम्बन्धी एमसीसी अनुमोदन गर्ने वा नगर्ने भनी नेपालमा बहस हुन थाले यता अझ चिनियाँ पक्षको नेपाल भ्रमण बाक्लिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ असार ।

चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का विदेश विभाग प्रमुख लिउ जियानचाओ नेपालको चरण दिने भ्रमणमा छन् । नेपाल आएको पहिलो दिन नै उनले प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवा र परराष्ट्रमन्त्री नारायण खड्कासँग छुट्टाछुट्टै भेट गरेका छन् । प्रधानमन्त्री देउवालाई प्रधानमन्त्री निवास बालुवाटार र परराष्ट्रमन्त्री खड्कालाई सिंहदरबारमा भेटेका उनले नेपाली भूमिमा चीनविरोधी घटना नहोस् भन्ने चीनले चाहेको प्रस्ट संदेश दिएका भेटमा सहभागी परराष्ट्रका अधिकारीहरु बताउँछन् ।

लिउलाई स्वागत गर्न कांग्रेसबाट दिनेश भट्टराई, एमालेबाट राजन भट्टराई, माओवादीबाट सुरेन्द्र कार्की विमानस्थल पुगेका थिए ।

चार दिने नेपाल भ्रमणमा आएका लिउलाई आइतबार बेलुकी



प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री शेरबहादुर देउवासँग चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का विदेश विभाग प्रमुख लिउ जियाचाओ भेटवार्ता गर्दै ।
-तस्वीर: रोशन सापकोटा, रासस

परराष्ट्र मन्त्री खड्काले रात्रीभोज दिए । चिनियाँ विदेश विभाग प्रमुख लिउले आज (सोमबार)सुन्दरीजल क्षेत्र भ्रमण गर्ने कार्यक्रम छ । त्यसपछि उनीले सोमबारै एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न बालकोट जाने छन् । उनले माओवादी केन्द्रका अध्यक्ष दाहाल 'प्रचण्ड', नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल र पूर्व प्रधानमन्त्री झलनाथ खनाललाई पनि होटलमा भेट्ने कार्यक्रम रहेको छ ।

मंगलबार बिहान राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेट्ने कार्यक्रम छ । त्यसपछि उनको माओवादीका नेता उमेश स्थापितलाई पनि भेट्ने कार्यक्रम छ । लिउ बुधबार बेइजिङ फर्कने छन् ।

लिउको भ्रमणलाई नेपालमा बिशेष चासोका रुपमा हेरिएको छ । पछिल्लो समय नेपालमा चिनियाँ चासो बढेको पनि बढेको देखिन्छ । अमेरिकी सहयोग सम्बन्धी एमसीसी अनुमोदन गर्ने वा नगर्ने भनी नेपालमा बहस हुन थाले यता अझ चिनियाँ पक्षको नेपाल भ्रमण बाक्लिएको छ ।

२०७६ को असोज ६-७ मा सी चिनफिङ विचारधारामाथि सीपीसी र तत्कालीन नेकपाबीच काठमाडौंमा भएको छलफलमा सहभागी हुन सीपीसी विदेश विभागका तत्कालीन प्रमुख सोङ ताओ नेपाल आएका थिए । त्यसबेला तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का विदेश विभाग प्रमुख माधवकुमार नेपाल र सीपीसीका विदेश विभाग प्रमुख सोङ बीच दुई पार्टीबीच भ्रातृ सम्बन्ध स्थापना गर्ने सम्झौता पत्रमा हस्ताक्षर समेत भएको थियो । २०७६ असोज २५-२६ मा चीनका राष्ट्रपति सी चिनफिङले दुई दिने राजकीय – बाँकी पृष्ठ २ मा

संविधानमाथि हमला

## ओली पथमै देउवा !


पूर्ववर्ती केपी ओली नेतृत्वको सरकारले ल्याएको संवैधानिक परिषद सम्बन्धी अध्यादेशलाई शब्द फेरेर वर्तमान देउवा नेतृत्वको सरकारले विधेयक ल्याएको छ । यी दुबै संविधानले तय गरेको आधारभूत संरचना र सिद्धान्तविपरीत आएको भनि सार्वजनिक रुपमै प्रश्न उठेको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २६ असार ।

सरकारले संवैधानिक परिषद (काम, कर्तव्य अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक २०७९ राष्ट्रिय सभामा दर्ता गरेको छ । यो विधेयकमा हस्ताक्षर गर्ने पात्र हुन- प्रधानमन्त्री शेरबहादुर देउवा । देउवा तिनै पात्र हो जसले पूर्ववर्ती सरकारले ल्याएको संवैधानिक परिषद सम्बन्धी अध्यादेशको विरोध गरेका थिए । पुर्ववर्ती सरकारमा थिए- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली । ओली नेतृत्वको सरकारले ६ सदस्यीय संवैधानिक परिषदमा रहेकामध्ये ३ जनाकै उपस्थितिमा बैठक बस्न सक्ने, ३ जना उपस्थित हुँदा पनि गणपुरक संख्या पुग्ने र ३ जनाकै उपस्थितिमा निर्णय गर्न सक्ने गरी अध्यादेश ल्याएर बिभिन्न संवैधानिक निकायमा ५२ जनालाई नियुक्तिको लागि सिफारिस गरेका थिए । उक्त सिफारिस संसदीय सुनुवाई बिनै पनि कार्यान्वयनमा गएको छ र ती ५२ जना नै निर्धक्क काम गरिरहेका छन् ।

तर, अध्यादेश ल्याएर संवैधानिक निकायमा ३ जनाकै उपस्थितिमा निर्णय गरेर संवैधानिक निकायलाई राजनीतिक नियुक्तिको भर्ति केन्द्र बनाएको भनी





विगतका तत्कालिन सरकारमाथि निरन्तर प्रश्न उठाउँदै आएका नेता हुन वर्तमान प्रधानमन्त्री देउवा । देउवा नेतृत्वको नेपाली कांग्रेसले यी लगायतका कार्यलाई जोडेर तत्कालिन सरकारको नेतृत्वलाई प्रतिगामीको संज्ञा दिएको थियो । हुन पनि तत्कालिन सरकारले संविधानको मर्म विपरित अध्यादेश ल्याएर संवैधानिक निकायमा खुलेआम दलको समर्थन गर्ने, एमाले नेतृत्वको आलोचना गर्नेमाथि सामाजिक संजालमै बचाउनमा उत्रनेहरुलाई पठाएको छ । यसकारण संवैधानिक निकायमाथि समेत जनविश्वास खस्किँदो छ ।

तर, संविधानमाथि हमला गर्ने तत्कालिन ओली नेतृत्वको सरकारमाथि प्रश्न उठाउँदै, तत्कालिन सरकारका कामकारबाहीमाथि सर्वोच्च अदालतमा पनि चुनौती दिँदै पुर्ववर्ती सरकारलाई विस्थापित वर्तमान सरकार उही बाटोमा हिड्न खोजिरहेको आभास हुन थालेको संविधान र कानुनका जानकारहरु बताउँदछन् ।

अहिले फेरि वर्तमन सरकारले पूर्ववर्ती ओली नेतृत्वको सरकारले ल्याएको संवैधानिक परिषद् सम्बन्धी अध्यादेशलाई शब्द फेरेर विधेयक ल्याएको छ । यी दुबै संविधानले तय गरेको – बाँकी पृष्ठ २ मा

## संख्या सय : हतास व्यवसायीहरु र असिनपसिन् ढकाल

समाचार विश्लेषण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ असार

आर्थिक वर्षको समाप्ति असार मसान्त, नेपालको सन्दर्भमा विशेष महत्व छ । चालू आर्थिक वर्षको अन्तिम दिन धेरैको लागि हिसाब किताबको अन्तिम टुंगो लगाउनुपर्ने भएकोले पनि असार मसान्तको विशेष महत्व छ । तर विगत तीन वर्षयता वैदेशिक रोजगार व्यवसायीका लागि असार मसान्त घाँटीमा अड्किएको हड्डी सरह देखिएको छ ।

वैदेशिक रोजगार ऐनमा वैदेशिक रोजगार व्यवसायीको इजाजत नवीकरण गर्न वार्षिकरूपमा एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउनुपर्ने व्यवस्थाले वार्षिक सय जना कामदार पठाउन नपाएका व्यवसायीका लागि असार मसान्तले तनाव थपिएको हो । ८ सय ६० मध्ये हाल करिब २ सय ४० संस्थाले सयको संख्या पुऱ्याउन नसकेको आंकलन छ ।

गत वर्ष नै तीन आर्थिक वर्षका लागि नवीकरण गराएको भएपनि यस वर्ष सय जना पठाउन नपाएका म्यानपावरकाकामकाज मन्त्रिपरिषदले बाधा अड्काउ आदेश जारी नगरेको अवस्थामा रोकिने छ । अघिल्लो आर्थिक वर्ष असार २९ र गत आर्थिक वर्ष असार १४ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको सिफारिसमा मन्त्रिपरिषदले वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ मा रहेको बाधा अड्काउ फुकाउ निर्णय गरेर इजाजतपत्र नवीकरण हुने-नहुने मनोवैज्ञानिक त्रासमा रहेका व्यवसायीलाई राहत दिएको थियो । तर नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र राजनीतिक दल निकट व्यवसायीका संस्थाको लामो समयदेखिको संस्थागत प्रयासपछि पनि आर्थिक वर्ष सकिन ५ दिन मात्रै बाँकी रहँदासम्म पनि यसपटक निकास आएको छैन ।

संख्या सय समस्याको समाधानसम्बन्धी फाइल मुख्य सचिव कार्यालयमा पुगेको स्रोतको दावी छ । श्रम, रोजगार तथा – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### विभागको नक्कली लेटरहेडमा जर्मनी र क्यानडाको नक्कली डिमाण्ड

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले नक्कली हस्ताक्षरको आधारमा जर्मनी र क्यानडामा आकर्षक वैदेशिक रोजगारी दिने भन्दै भ्रममा पार्न खोजिएको बताएको छ । विभागले निर्देशक तथा सूचना अधिकारी कृष्ण प्रसाद भुसालको नक्कली हस्ताक्षर गरी जर्मनी र क्यानडामा आकर्षक वैदेशिक रोजगारी दिने भन्दै सामाजिक सञ्जालमा गलत सूचना राखिएको भन्दै सचेत हुन आग्रह गरेको छ ।

विभागले शुक्रबार विज्ञप्ति जारी गरी विभागको लेटरहेड र सूचना अधिकारी निर्देशक कृष्ण प्रसाद भुसालको हस्ताक्षरसमेत दुरुपयोग गरी जर्मनी र क्यानडामा कामदार पठाउने किर्ते सूचना सामाजिक सञ्जालमा – बाँकी पृष्ठ २ मा

## देउवामाथि दबाब बढाउँदै कोइराला समूह

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ असार ।

पछिल्लो समय नेपाली कांग्रेसको संस्थापन इत्तर शेखर कोइराला समूह निरन्तर छुट्टै भेलामा जुटेको छ । प्रदेश र संघीय संसदको चुनावको मिति तोक्ने चर्चा चलिरहेका बेला कोइराला समूहले छुट्टै भेला गरेर सरकार र प्रधानमन्त्री देउवामाथि दबाब बढाउन खोजेको छ । कोइराला समूहले पार्टीको भ्रातृ संस्थालाई पूर्णता दिन माग गर्दै पार्टी कार्यालयमै प्रदर्शन गर्ने भएको छ । आइतबार पार्टीको पदाधिकारी बैठक बसिरँदा कोइराला पक्षले छुट्टै बैठक राखेर आफ्नो रणनीति समेत बनाएको छ । जहाँ सरकारको कामकारबाहीमाथि समेत पार्टीमा छलफलको माग गर्ने निर्णय गरेको छ ।

यसरी छुट्टै छलफलको जुट्नुको कारण छ - उसको प्रष्ट धारणा छ- सरकारमाथि दबाब बढाउने, प्रधानमन्त्रीलाई गठबन्धनमा दह्रिलो रुपमा प्रस्तुत हुन लगाउने र आगामी चुनावमा पार्टीलाई सक्दो बढी सिट दिलाउनेगरी भूमिका खेल्ने ।

कोइराला पक्षले सरकारले ल्याएको बजेटबारे पनि असन्तुष्टि व्यक्त गर्दै आएको छ ।



> कांग्रेसको संस्थापन इत्तर शेखर कोइराला समूहको प्रष्ट धारणा छ- सरकारमाथि दबाब बढाउने, प्रधानमन्त्रीलाई गठबन्धनमा दह्रिलो रुपमा प्रस्तुत हुन लगाउने र आगामी चुनावमा पार्टीलाई सक्दो बढी सिट दिलाउनेगरी भूमिका खेल्ने ।

देउवाले पार्टीलाई समेत विधिवत रुपमा अघि बढाउन नसकेको भनी प्रश्न गदर्खै आएको छ ।

स्थानीय तह निर्वाचनको समेत समिक्षा गरी आगामी प्रदेश सभा र संघीय संसदको निर्वाचनमा पार्टीलाई अझ फाईदा हुने गरी गठबन्धनलाई वृहत्त बनाउने विषयमा पनि छलफल भएको नेताहरु बताउँछन् ।

कोइराला पक्षले पार्टीको भ्रातृ संस्थाहरु सबैको पुनर्गठन गर्न र विभागहरुलाई समयमै पूर्णता दिन पनि पार्टी सभापति देउवालाई दबाव दिने निर्णय – बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२७ असार २०७९, सोमबार
11 July 2022, Monday

# ६३ विधेयक विचाराधीन, १४ नयाँ दर्ता

**काठमाडौं/मस-** संघीय संसद्को चालु अधिवेशनसम्म आम चासोका रुपमा रहेका दुवै सदनमा गरी कूल ६३ विधेयक विचाराधीन अवस्थामा रहेका छन्। तीमध्ये संघीय संसद्को तेस्रो अधिवेशनदेखिकै विधेयकहरु पनि अड्किएर रहेका छन् । प्रतिनिधिसभामा ४७ र राष्ट्रियसभामा १६ विधेयक विचाराधीन रहेका छन् । यस अधिवेशनमा दुवै सदनबाट विनियोजन विधेयक, २०७९ सहित बजेटसँग सम्बन्धित र अन्य गरी छ वटा विधेयक पारित र तीमध्ये राष्ट्रपति विद्यादेवी भण्डारीबाट दुई विधेयक प्रमाणीकरण भएको छ भने लोकसेवा आयोग विधेयक, २०७५ प्रमाणीकरणको प्रक्रियामा रहेको छ।



संघीय संसद्अन्तर्गत प्रतिनिधिसभा ११औँ र राष्ट्रियसभाको १२औँ अधिवेशन गत जेठ ३ गतेदेखि चलिरहेको छ। दुई पटकसम्म संसद् विघटन, सर्वोच्च अदालतको फैसलाबाट पुनःस्थापना र पुनःस्थापनापछि पनि सत्तापक्ष र प्रतिपक्षको बेमेल र पटकपटक सदनमा अवरोध र बहिष्कारको स्थितिका कारण नेपालको संविधानबमोजिम बन्नुपर्ने संघीय ऐन तर्जुमामा ढिलाइ भएको हो । विभिन्न मन्त्रालय र विषयसँग सम्बन्धित नयाँ संघीय ऐन नबन्दा संविधानका अनुसूची र अधिकार प्रत्यायोजनाको व्याख्या र अधिकारको कार्यान्वयनमा अन्योल उत्पन्न भएको छ। कानूनी अन्योलले संघ, प्रदेश र स्थानीय सरकारबीच उचित समन्वय हुन सकेको छैन।

आम चासोका रुपमा रहेका संघीय निजामती विधेयक, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरीवेक्षण र समन्वय) पहिलो संशोधन विधेयक, २०७९, सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९, सूचना प्रविधिसम्बन्धी विधेयक, २०७५, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ लगायत छन्।

राष्ट्रियतासँग जोडिएको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७५ तीन वर्षसम्म संसद्को राज्य व्यवस्था सुशासन समितिमा दफाबार छलफल पश्चात सदनमा पेश भएकामा गत शुक्रबारको प्रतिनिधिसभा बैठकबाट सरकारले फिर्ता लिएको छ । सरकारले सोसम्बन्धी नयाँ विधेयक राष्ट्रियसभामा दर्ता गरेको छ । प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)ले सो विधेयक छिटो पारित गर्नुपर्नेमा फिर्ता लिइएकामा विरोध गर्दै उमेर पुगेर पनि संविधानतः नागरिकता लिन पाउने अधिकारबाट लाखौं युवालाई निराश नबनाउन सरकारसँग आग्रह गरेको छ। शुक्रबारको प्रतिनिधिसभाको बैठकमा गृहमन्त्री बालकृष्ण खाँणले विपक्षीको चिन्ताप्रति जवाफ दिँदै सर्वदलीय परामर्श र सहमतिा चाँडै नयाँ विधेयक पारित गराइने प्रतिबद्धता व्यक्त गरे। विचाराधीन रहेकामध्ये अधिकांश विधेयक अघिल्लो सरकारले संसद्मा पेश गरेका विधेयक छन्। अघिल्लो सरकारले जारी गरेका आठ अध्यादेशलाई पनि प्रतिस्थापन विधेयकका रुपमा कानुन बनाउन बाँकी रहेको छ। ती अध्यादेश प्रमाणीकरण हुन नसके शून्यमा जाने संघीय संसद् सचिवालयका उपसचिव नुमराज खनालले बताए । तिनमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९, रेल्वे विधेयक, २०७९, औषधि (तेस्रो संशोधन) विधेयक, २०७९, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरीवेक्षण र समन्वय) पहिलो संशोधन विधेयक, २०७९, सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ यौन हिंसाविरुद्धका केही ऐनलाई संशाधन गर्ने विधेयक, २०७९, फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ र तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ छन् । राष्ट्रियसभामा विचाराधीन विधेयकमा कोभिड १९ सङ्कट व्यवस्थापन विधेयक २०७८ र शपथसम्बन्धी विधेयक, २०७८ र योगमाया आयुर्वेदिक विश्वविद्यालय विधेयक, २०७६ र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ रहेका छन्।

राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा सन्देशसहित पठाइएका १४ विधेयक विचाराधीन छन्। प्रतिनिधिसभाको शुक्रबारको बैठकले योगमाया आयुर्वेदिक विश्वविद्यालय विधेयक, २०७६ पारित गरी राष्ट्रियसभामा पठाएको छ । माथिल्लो सभामा फिर्ता हुन बाँकी चौधतीमध्ये ज्येष्ठ नागरिकसम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५, नेपाल मिडिया काउन्सिल विधेयक, २०७५, काठमाडौं उपत्यका यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६, नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६, नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६, नेपाल हवाइ सेवा प्राधिकरण विधेयक, २०७६, तथ्याङ्क विधेयक, २०७६, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९, रेल्वे विधेयक, २०७९, औषधि (तेस्रो संशोधन) विधेयक, २०७९ लगायत रहेका छन्।

प्रतिनिधिसभामा गैरसरकारी विधेयकका रुपमा एमालेका सांसद शेरबहादुर तामाङबाट पेश गरिएको गाँजा खेती (व्यवस्थापन) विधेयक, २०७६ र जनता समाजवादी पार्टीका सांसद लक्ष्मणलाल कर्णबाट पेश गरिएको नेपालको संविधान (दोस्रो संशोधन), २०७७ दर्ता भएर प्रक्रियाको प्रतिक्षामा रहेका छन्।

### चौध नयाँ विधेयक दर्ता

सरकारले दुवै सदनमा गरी १४ वटा नयाँ विधेयक दर्ता गरेको छ । त्यसमध्ये प्रतिनिधिसभामा १० र राष्ट्रियसभामा चार विधेयक छन्। नयाँ विधेयकमा अधिकांश अध्यादेशलाई प्रतिस्थापन गर्नेसम्बन्धी विधेयक छन् । नयाँ दर्ता भएकामध्ये गैरसरकारी विधेयक बेवारिसे स्थितिमा रहेको छ। विधेयक छिटो पारितका लागि सभामुख सापकोटाको पहल प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटाले महत्वपूर्ण विधेयक शीघ्र पारित गरेर संघीयता कार्यान्वयनका लागि पहल गर्न आफूले सबै संसदीय समितिलाई आग्रह गरेको र केही विधेयक अगाडि बढाउन सम्वद्ध पक्षलाई ध्यानाकर्षण गराउँदै आएका छन्।

# ‘नागरिकलाई सहजरुपमा स्वास्थ्य सेवा पुऱ्याउनु सरकारको दायित्व’

**दाङ/मस-** स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री हीराचन्द्र केसीले हरेक नागरिकलाई सहजरुपमा स्वास्थ्य सेवा पुऱ्याउने आफ्नो दायित्व भएको बताएका छन् । रिपोर्टर्स् क्लब दाङले आज तुलसीपुरमा गरेको साक्षात्कार कार्यक्रममा उनले अझैसम्म पनि नागरिकले पाउने आधारभूत सेवा पनि सहज पाउन नसकेको भन्दै यसलाई सहज बनाउन पहल गर्ने बताए । यसका लागि तीनै तहका सरकारसँग छलफल गर्ने उनको प्रतिबद्धता थियो ।



राज्यमन्त्री केसीले राप्ती प्रादेशिक अस्पताल तुलसीपुरको सेवालाई थप विस्तार गर्ने समेत बताए । उनले कोरोनाको समयमा योगदान गरेका कर्मचारीको नवीकरणमा पहल थाल्नेसमेत बताएका छन् । त्यसका लागि स्थानीय सरकारले पनि सहयोग गर्नुपर्ने उनको भनाइ थियो।

# बुढीगंगाको मेयर र उपमेयरसहित सात वडामा एमाले विजयी



**देवराज पाध्याय/मध्यान्ह**
बाजुरा, २६ असार

बाजुराको बुढीगंगा नगरपालिकाको मतगणना सकिएको छ । अन्तिम मतपरिणम अनुसार बुढीगंगाको मेयर र उप-मेयरसहित सात वडाको अध्यक्षामा नेकपा एमालेका उम्मेदवार विजयी भएका छन्।

मेयरमा एमालेका रामबहादुर बानियाँ र उप-मेयरमा मायाकुमारी खड्का (कुँवर) विजयी भएका हुन्। मेयरमा विजयी बानियाँले ४ हजार ७ सय ७७ मत ल्याउँदा उनका निकटतम प्रतिस्पर्धी रङ्गबहादुर खातीले ३ हजार ७ सय ७४ मत प्राप्त गरेका थिए ।

यसैगरी, उपमेयरमा विजयी एमाले उम्मेदवार कुँवरले चार हजार सात सय २७ मत ल्याउदा उनकी निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसकी रिता शाही ( शाह)ले तीन हजार सात सय ५५ मत प्राप्त गरेकी थिइन् ।

१० वडा रहेको बुढीगंगा नगरपालिकामा सात वडामा नेकपा एमालेका उम्मेदवार विजयी भएका छन् । नेपाली कांग्रेसले तीन वडा जितेको छ । वडा १, २, ३, ५, ६, ९ र १० मा एमालेका उम्मेदवार विजयी हुँदा वडा नम्बर ४, ७ र ८ मा कांग्रेस विजयी भएको छ । बुढीगंगा नगरपालिका-१ मा नेकपा एमालेका उम्मेदवार रणबहादुर थापा, २ मा पदमबहादुर भण्डारी, ३ मा खडकबहादुर अधिकारी, ५ मा चक्रबहादुर थापा, ६ मा हेमराज जैशी, ९ मा मीनबहादुर सिंह र १० दलबहादुर साउद विजयी भएका छन्।

यस्तै कांग्रेसका तर्फबाट वडा नम्बर-४ मा मीनबहादुर शाह, ७ मा भुवन सिहं केसी र ८ मा रमेशबहादुर रावल विजयी भएका छन्। ३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा बुथ कब्जा भएको भन्दै निर्वाचन आयोगले दोस्रो पटक निर्वाचन गरेको हो । दोस्रो पटक भएको निर्वाचनमा ९ हजार १ सय २८ मत ६६ दशमलव ८३ प्रतिशत मत खसेको थियो । बुढीगंगामा नगरपालिकामा १३ हजार ६ सय ५९ मतदाता रहेका छन् ।

३० वैशाखमा सम्पन्न चुनावमा भने ७५ दशमलव ५८ प्रतिशत मत खसेको थियो। ३० वैशाखमा भएको चुनावमा बुढीगंगाका १० वडामध्ये ६ वटामा विवाद भएको थियो। वडा २, ३, ४, ५, ७ र ९ का केन्द्रमा मतदान स्वतन्त्र हुन नसकेको निर्वाचन आयोगको ठम्याइ छ।

# कर्णाली प्रदेश : चालु आर्थिक वर्षमा ६२ प्रतिशत खर्च

**सुर्खेत/मस-** कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७८/७९ मा ६२.३७ प्रतिशत बजेट खर्च गरेको जनाएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालय सुर्खेतका अनुसार चालु आर्थिक वर्ष रु ३८ अर्ब ४७ करोड ४२ लाख ७९ हजारमध्ये २३ अर्ब ९९ करोड ७० लाख ५९ हजार ७७५ बजेट खर्च भएको छ ।

प्रदेश लेखा नियन्त्रक मानबहादुर बमले शनिबार राति १२ बजेदेखि चालु आर्थिक वर्षको भुक्तानी निकासा बन्द गरिएको बताए । आर्थिक कार्यविधि नियमावलीमा आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा एक साता अघि भुक्तानी निकासा बन्द गरी खर्च विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले आजदेखि प्रदेशको भुक्तानी प्रणाली बन्द गरी गरिसकेको छ । फ्रिज नहुने शीर्षकका रकमको भुक्तानी निकासा भने बन्द गर्नुपर्दैन ।

प्रदेश लेखा नियन्त्रक बमले प्रदेश सरकारका विभिन्न मन्त्रालय, निकाय, कार्यालयबाट विनियोजित बजेटमध्ये चालुतर्फ रु नौ अर्ब १२ करोड ८१ लख २४ हजार ३४८ तथा पुँजीगततर्फ रु १४ अर्ब ७५ करोड १७ लाख ८५ हजार ४२६ खर्च भएको जानकारी दिए । कर्णालीमा चालु आर्थिक वर्षमा प्रदेश व्यवस्थापिकाले ७८ प्रतिशत, प्रदेश लोक सेवा आयोगले ७४, मुख्यन्यायाधिवक्ता कार्यालयले ९५, प्रदेश योजना आयोगले ३७ प्रतिशत बजेट खर्च गरेका छन् । मन्त्रालयतर्फ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ६७, सामाजिक विकास मन्त्रालयले ७३, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले ४७, आन्तरिक मामिला तथा कानून मन्त्रालयले ३८, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ७५, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले ७२, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयले ६५, आर्थिक मामिला तथा योजना मन्त्रालयले ७१ प्रतिशत बजेट खर्च गरेका छन् ।

# राजश्व नबुझाउँने पाँच क्रसर उद्योगमा गाउँपालिकको ताला

**मकवानपुर/मस-** पटकपटक ताकेता गर्दा पनि तोकिएको राजस्व नबुझाउने मकवानपुरमा सञ्चालित पाँच क्रसर उद्योगमा आजदेखि तालाबन्दी गरिएको छ।

लिखित र मौखिकरुपमा पटकपटक जानकारी गराएको तर राजस्व नबुझाएकाले तालाबन्दी गरिएको मकवानपुरगढी गाउँपालिकाले जनाएको छ । सो गाउँपालिकाका विभिन्न स्थानमा सञ्चालित क्रसर उद्योगमा गाउँपालिका उपाध्यक्ष मनकुमारी नेपालीको नेतृत्वमा गएको टोलीले तालाबन्दी गरेको बताइएको छ ।

ती उद्योगले गाउँपालिकालाई रु एक करोड ५४ लाख राजस्व दाखिला गर्नुपर्ने भएको तर दाखिला नगरेकाले तालाबन्दी गर्नुपरेको उपाध्यक्ष नेपालीले जानकारी दिइन्। मकवानपुरगढी गाउँपालिका-५ स्थित साइबाबा क्रसर उद्योगले रु २८ लाख, आधुनिक क्रसर उद्योगले रु २३ र आमभञ्ज्याङ एग्रिगेरले रु २८ लाख तिर्न बाँकी छ ।

त्यस्तै मकवानपुरगढी-२ स्थित नमूना बालुवा उद्योगले रु ३० लाख तथा मकवानपुरगढी वडा नं ६ मा रहेको सामरी खोला बालुवा उद्योगले रु ४५ लाख राजस्व भुक्तानी गर्न बाँकी रहेको बताइएको छ ।

ती उद्योगले असार १५ गतेसम्म भुक्तानी गर्ने लिखित सहमति गरे पनि त्यसको पालना नभएपछि बाध्य भएर तालाबन्दी गरिएको गाउँपालिका आर्थिक विकास समितिका संयोजक रहेका सो गाउँपालिका-६ का वडाध्यक्ष कृष्णप्रसाद बजगाईंले बताए ।

### बढ्यो ...

भ्रमणमा नेपाल आए। उक्त भ्रमण चीनबाट उच्च स्तरमा २३ वर्षपछि भएको नेपाल यात्रा थियो । २०७७ मंसिर १४ मा चीनका रक्षा मन्त्री वेई फेङहे एक दिने नेपालको औपचारिक भ्रमण गरे । त्यसबेला नेपाल र चीनबीच सैन्य सहकार्यको बारेमा पनि छलफल भएको थियो ।

२०७७ पुस ५ मा तत्कालिन केपीओली नेतृत्वको सरकारले प्रतिनिधिसभा विघटन गरेपछि विकसित घटनाक्रमसँगै नेकपा छिन्नभिन्न भयो । त्यसबेला तत्कालीन बदलिँदो राजनीतिक परिस्थितिलाई बुझ्नका लागि बेइजिङबाट चार सदस्यीय विशेष टोलीको नेतृत्व गर्दै सीपीसी विदेश विभागका तत्कालीन उपप्रमुख कुओ येचौ नेपाल आएका थिए ।

अहिले सीपीसी का विदेश विभाग प्रमुख लिउ जियानचाओ चार दिने नेपाल भ्रमणमा छन् ।

### ओली..

आधारभूत संरचनार सिद्धान्तविपरीत आएको भनि सार्वजनिक रुपमै प्रश्न उठेको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय सभामा दर्ता गरेको प्रस्तावित संवैधानिक परिषद सम्बन्धी विधेयकमा तत्काल कायम रहेको सदस्यको बहुमत सदस्य उपस्थित भए बैठक बस्न गणपुरक संख्या पुग्ने व्यवस्था छ। ‘अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा परिषदको बैठकको लागि गणपुरक संख्या पुगेको मानिन्छ’ संशोधन विधेयकको दफा २ को (३) मा उल्लेख छ ।

संविधानको धारा २८४ मा संवैधानिक परिषद्को व्यवस्था छ। जहाँ प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न ६ सदस्यीय संवैधानिक परिषद् रहने उल्लेख छ। प्रधानमन्त्री अध्यक्ष रहन्छन् भने प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, विपक्षी दलका नेता र उपसभामुख सदस्य रहन्छन्।

६ सदस्यीय परिषदको बैठकमा पेश भएका प्रत्येक विषयको निर्णय सर्वसम्मतिको आधारमा हुने, सर्वसम्मति हुन नसके परिषद अध्यक्ष र तत्काल बहाल रहेका पचास प्रतिशत सदस्यको बहुमतबाट निर्णय (बिभिन्न संवैधानिक निकायमा नियुक्ति सिफारिस) गर्न सक्ने भनिएको छ ।

यस्तै प्रकृतिको अध्यादेश पूर्ववर्ती सरकारले ल्याएको थियो । तर, पाँच दलीय गठबन्धनको सरकारले पूर्व घोषित मान्यता विपरीत विधेयक ल्याएको छ। यसका पछाडि पनि ओली सरकारको जस्तै संवैधानिक निकायहरुमा नियुक्ति गर्दा स्वार्थ अनुकुलका व्यक्तिहरु लैजाने प्रयास भएको स्वमं नेताहरु बताउँछन् ।

### संख्या ....

सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ मा रहेको बाधा अड्काउ फुकाउ आदेशबाट वार्षिक एक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीको इजाजतपत्र आगामी आर्थिक वर्ष २०७९/०८० का लागि नवीकरण गर्ने निर्णय गरेका छन् ।

तर सम्बन्धित विभागीय मन्त्रीको अनुपस्थितिमा उक्त प्रस्ताव मन्त्रिपरिषदमा पेश हुने प्राथमिकतामा नपर्ने खतरा बढेको छ । श्रममन्त्री कुँवर विभिन्न कार्यक्रममा सहभागी हुन धनगढी हुँदै गृहजिल्ला अछाम जाँदै छन् । आइतबार राजधानीबाट हिँडेका उनी सोमबार बिहान ८ बजे धनगढीको होटेल फ्लोरामा पत्रकार सम्मेलन गरी अछाम जाने योजनामा छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले अघिल्ला दुई आर्थिक वर्ष म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न लिइएको आधारमा आगामी आर्थिक वर्षका लागि म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न समस्या नरहेको राय दिएपछि श्रम मन्त्रालयले मन्त्रिपरिषदमा प्रस्ताव पठाएको हो । धेरैले कानून मन्त्रालयको रायले लाइसेन्स नवीकरण हुने अर्थ निकाल्दै राहतको श्वास फेरेका छन् । तर प्रशासनिक प्रक्रिया बुझेकाहरू भन्छन्, ‘कानूनको राय सकारात्मक होइन, त्यसले श्रम मन्त्रालयलाई सहयोग भन्दा अन्योलमा पारिदिएको छ ।’

अघिल्ला दुई वर्षको तुलनामा चालू आर्थिक वर्षमा वैदेशिक रोजगार व्यवसायीले ठूलो संख्यामा कामदार पठाएको र निवर्तमान श्रममन्त्री कृष्णकुमार श्रेष्ठले संसदमा जवाफ दिँदा वैदेशिक रोजगारमा जाने क्रम पुरानै लयमा फर्केको बताएका कारणले पनि अघिल्लो वर्ष जस्तो सहज र सिधा निर्णय नआउन सक्ने कतिपय कर्मचारीको आंकलन छ ।

गत वर्ष मन्त्रिपरिषदले गरेको निर्णयमा आर्थिक वर्ष २०७६/०७७ र आर्थिक वर्ष २०७७/०७८ मा वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा नपठाएका कम्पनी आर्थिक वर्ष २०७८/०७९ का लागि नवीकरण गराउन आएमा नवीकरण गरिदिने भन्ने व्यवस्था थियो ।

त्यसभन्दा अघिल्लो वर्ष लगातार दुई वर्षसम्म वार्षिक एक सय जना कामदार पठाउन नसकेका इजाजत पत्र प्राप्त संस्थाको इजाजत पत्र आर्थिक वर्ष २०७७/०७८ को लागि नवीकरण गराउँदा नवीकरण गरिदिई नवीकरण भएका इजाजत पत्र प्राप्त संस्थाको आर्थिक वर्ष २०७८/०७९ का लागि नवीकरण गर्दा त्यस्ता संस्थाले आर्थिक वर्ष २०७६/०७७ देखि संवत् २०७८ सालको असार मसान्तसम्म कम्तीमा दुई सय जना कामदार पठाएको हुनुपर्ने सर्त राखी बाधा अड्काउ फुकाउने निर्णय गरेको थियो ।

संख्या सय समस्या समाधानको विषय वैदेशिक रोजगार व्यवसायीका नेताहरूलाई ‘अप्ठेरोमा फलेको फर्सी’ सरह बनेको छ । अघिल्ला वर्षहरूमा संघको निर्वाचनमा आफ्नो पक्षमा मत तान्न व्यवसायी अल्मल्याउने विषयका रूपमा रहेको यो विषय संघको आगामी निर्वाचनको समयमा पनि चुनावी नारा बन्ने निश्चित प्रायः छ ।

त्योभन्दा बढी संख्या सय समाधानको विषय संघका संयोजक बिमल ढकालको क्षमता र योग्यतासँग जोडिएको छ । त्यससम्बन्धी फाइल बोकेर कहिले कानून मन्त्रालय त कहिले श्रम मन्त्रालय ओहोरदोहोर गरिरहेका ढकाल यसैको दौडधूपमा असिनपसिन् देखिन्छन् । गत बुधवार हायात रिजेन्ली होटलमा आयोजित एक कार्यक्रममा प्रमुख अतिथि बनेका ढकाल सम्बन्धित कार्यक्रमतर्फको ध्यानमा भन्दा व्यवसायीका नवीकरणसम्बन्धि फोनले हैरान देखिए। कार्यक्रम नसकिँदै ढकाल सिंहदरबार होमिएका थिए । अरु बार त परै जाओस् सार्वजनिक बिदाको दिन आइतबार समेत म्यानपावर नवीकरणको लाडाईं लडिरहेका थिए उनी । तर पनि यसबारे कस्तो निर्णय आउने हो एकिन छैन ।

सोमबारसम्म मन्त्रीले गरेको प्रस्ताव अनुसार मन्त्रिपरिषदबाट निर्णय आउने अपेक्षा राखेका ढकाल नै निर्णायक हुन् त संख्या सयको ? प्रश्न अनुत्तरित छ ।

### विभागको ...

देखिएको तर विभागबाट त्यस्तो सूचना प्रकाशित नभएको हुँदा उक्त कपोकल्पित सूचनाको भ्रममा परी कारोबार नगर्न आग्रह गरेको छ ।

विभाग केही महिनायता वैदेशिक रोजगारका नाममा म्यानपावर कम्पनीसँग हुबहु मिल्ने कम्पनी खोलेर अमेरिका, क्यानडा तथा यूरोपियन मुलुकमा रोजगारी दिलाउने भन्दै करोडौं रकम ठगी गर्ने व्यक्ति तथा समुहको विरूद्धमा केन्द्रित भइरहेको छ । सोही समयमा विभागका निर्देशकको नामको नक्कली हस्ताक्षरित मागपत्र सामाजिक सञ्जालमा आएको हो ।

### देउवामाथि...

गरेको छ । पार्टीको भातृ संस्था र विभागहरुलाई विधिवत रुपमा अघि बढाउन पनि पार्टी नेतृत्वको ध्यानाकर्षण गराउने विषयमा पनि छलफल भएको छ ।

कोइराला समूहको बैठकका पार्टीका उपसभापति धनराज गुरुङ, महामन्त्री गगनकुमार थापा, नेता डा. रामशरण महतलगायत सहभागी थिए ।


## केदारस्युँ गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
देउरा, बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

**करार सेवा लिने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०७९/०३/२७**

केदारस्युँ गाउँपालिका अन्तर्गत रायल प्राथमिक स्वास्थ्य केन्द्र देउरा बझाङ्गका लागि १ जना मेडीकल अधिकृत (आठौ तह) करार सेवामा राख्नुपर्ने भएको हुँदा देहायको योग्यता पुगेका नेपाली नागिरकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायको विवरण सहित दरखास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | विज्ञापन नं. | पद | सेवा/समुह | पद संख्या | परिक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २।०७८।०७९ | मेडीकल अधिकृत (आठौ तह) | नेपाल स्वास्थ्य सेवा | १ | अन्तर्वार्ता | |

**शैक्षिक योग्यता र अनुभवः**
१. नेपाली नागरिक
२. न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण सस्थाबाट लोकसेवा आयोगले निर्धारण गरेको सम्बन्धित पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्ने ।
३. उमेरको हकमाः २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने ।
४. नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्ने ।
५. दरखास्त दस्तुरः रु ३०००।– अक्षरुपी तीन हजार मात्र ।
६. दरखास्त दिने स्थानः केदारस्युँ गाउँपालिका स्वास्थ्य शाखा ।
७. सम्पर्क मितिः २०७९।४।१० गते बिहान १० बजे ।
८. अन्तर्वाता मितिः सम्पर्क मितिमा तोकिनेछ ।
९. सेवा सुविधाः नेपाल सरकारको नियमानुसार ।
१०. करार अवधिः कम्तीमा २ बर्षको हुने ।
११. अन्य प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने ।
१२. रित नपुगी आएका दरखास्त उपर कुनै कारबाही हुने छैन ।

**प्रमुख प्रशासकिय अधिकृत**

# आठबिसकोट नगरपालिका पहिलो खोप सुनिश्चितता पालिका घोषणा



**सत्य बटाला/मध्यान्ह**
रुकुम पश्चिम, २६ असार

रुकुम पश्चिमको आठबिसकोट नगरपालिकालाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गरिएको छ । 'स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्णखोप पालिका हाम्रो प्रतिवद्धता' भन्ने मूल नाराका साथ आइतबार औपचारिक कार्यक्रम गरी पूर्णखोप सुनिश्चिता नगरपालिका घोषणा गरिएको हो ।

आठबिसकोट नगरपालिकाले १५ महिना उमेर समूहका बालबालिकाहरुमा ९२ प्रतिशत खोपको दायरा बढाएर रुकुम जिल्लाको पहिलो खोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख पेम प्रकाश रोकायले बताए । नगरपालिका स्वास्थ्य तथा सामाजिक विकास शाखाले खोप समन्वय समिति आठबिसकोट नगरपालिका स्वास्थ्य चौकी, साझेदार संघसंस्थाहरुलाई पूर्णखोप नगरपालिका बनाउन सहयोग गरेकोमा सम्मान पत्र हस्तान्तरण गरिएको संयोजक रोकायले जानकारी दिए ।

जिल्ला खोप समन्वय समितिले प्रामाणिकरण गरि आठबिसकोट नगरपालिका नगर प्रमुख तथा नगरपालिका पूर्णखोप समन्वय समितिका संयोजक रवि केसीलाई जिल्ला खोप समन्वय समितिका प्रतिनिधि मेडिकल अधिकृत डा. सुदिप कुमार यादब र केशव मेहेताले प्रमाणपत्र हस्तान्तरण गरेका थिए । उक्त कार्यक्रममा नगर प्रमुख, उप प्रमुख, वडा अध्यक्षहरु, स्वास्थ्य चौकी प्रमुख, स्वयंसेविका स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो ।

# काठमाडौं महानगरले प्लाष्टिकले छोप्यो फोहोर

## ट्रान्सफर स्टेशनलाई दुर्गन्धरहित बनाउन जीवाणु प्रविधि



**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २६ असार

काठमाडौं महानगरले टेकुस्थित ट्रान्सफर स्टेशनमा रहेको केही भाग फोहोरमा जीवातु राखेर प्लाष्टिकले छोपेको छ ।

बर्खाको वर्षातले सडक बिग्रिएपछि पूर्ण क्षमतामा फोहोर ढुवानी हुने सकेको छैन । अवस्थाका बारेमा जानकारी दिँदै प्रमुख बालेन्द्र शाह (बालेन) को सचिवालय सदस्य इञ्जिनियर सुनिल लम्सालका अनुसार सहरमा उत्पादन भएको फोहोर संकलन गरेर ट्रान्सफर स्टेशनमा थप्दा दृश्य र दुर्गन्ध बढ्ने भएकोले यसअघि थुप्रिएको फोहोर छोपिएको हो ।

यसरी छोपिएको फोहोरमा जीवातु हालिएको छ । त्यसमाथि प्लाष्टिकले छोपिएको हो । यसबाट ट्रान्सफर स्टेशनबाट स्थानीयलाई पर्ने असर न्यून हुनेछ ।

प्लाष्टिकले छोपिएको ट्रान्सफर स्टेशन अहिले दैनिक संकलन भएको फोहोरलाई स्टेशनको एक साइटमा राखेर ढुवानी गरिँदैछ । इञ्जिनियर लम्सालले भने, ' आज घाम लागेको छ। अवसरलाई छोपेर हामी थप गाडी परिचालन गर्नेछौं र स्टेशनमा फोहोरको मात्रा घटाउनेछौं ।'

ट्रान्सफर स्टेशनलाई फोहोर शुन्य बनाउन महानगरले समय समयमा प्रयास गर्दै आएको छ । ट्रान्सफर स्टेशनलाई फोहोर शुन्य बनाएर त्यस अवस्थालाई कायम राख्ने योजनाअनुरुप प्रयास भएको हो । सवारी साधनको प्राविधिक क्षमता घट्नु, ल्याण्डफिल साइटसँग सम्बन्धित प्राविधिक तथा सामाजिक समस्याले फोहोर ढुवानी हुन नसक्दा समय समयमा ट्रान्सफर स्टेशनमा फोहोर बाँकी हुने गरेको छ । यसरी फोहोर बाँकी रहँदाको अवस्थामा हुने दुर्गन्ध हटाउन समय समयमा प्रयास हुने गरेका छन् ।

यसअघि जैविक फोहोरमा माइक्रो बायो पोजिटिभ व्याक्टेरिया मिसाएर दुर्गन्ध हटाउने विधिको परीक्षण गरिएको थियो । यो विधिबाट फोहोरबाट उत्पादन हुने दुर्गन्ध हट्छ ।

यो व्याक्टेरिया सकारात्मक व्याक्टेरिया हो । यसले मानब स्वास्थ्यमा कुनै पनि असर गर्दैन । निष्क्रिय बनाएर राखिएको व्याक्टेरियालाई सक्रिय बनाएर यसको प्रयोग गरिन्छ ।

टेकुमा सञ्चालित ट्रान्सफर स्टेशन ३९ रोपनी जग्गामा छ । त्यसमध्ये ३० रोपनी क्षेत्रफलमा फोहोर व्यवस्थापनमा प्रयोग हुने सवारी राख्ने तथा फोहोर ट्रान्सफर गर्ने गरिएको छ ।

यहाँबाट फोहोर संकलन तथा ढुवानीका लागि निस्कने सवारी साधनलाई पानीले पखालेर मात्र निकाल्ने गरिएको छ। बाँकी क्षेत्रमा हरियाली बगैंचा बनाएर फोहोरबाट हुने नकारात्मक प्रभाव घटाउने महानगरको प्रयास छ ।

# १४ लाख बराबरको चिनी र कपडा बरामद




**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २६ असार

नवलपरासीमा १४ लाख ११ हजार १ सय मूल्य बराबरको अवैध मालसामान प्रहरीले नियन्त्रणमा लिएको छ। आइतबार बिहान बर्दघाट नगरपालिका वडा नं. ४ टिसियन चोकबाट १४ लाख ११ हजार १ सय ४० मुल्य बराबरको अवैध चिनी तथा कपडा बरामद गरिएको हो।

ईलाका प्रहरी कार्यालय बर्दघाटबाट खटिएको प्रहरी टोलीले दक्षिण तर्फबाट उत्तरतर्फ आउँदै गरेको ना ६ ख २३८८ नं. को ट्रकलाई चेकजाँच गर्ने क्रममा ट्रकमा अवैधरुपमा ल्याउँदै गरेको ४१८ बोरा २० हजार ८ सय ९४ किलोग्राम चिनीसहित ट्रक नियन्त्रणमा लिइएको हो।

उक्त चिनी अन्दाजी १२ लाख ५३ हजार ६ सय ४० रुपैयाँ मुल्य बराबरको रहेको प्रहरीले जनाएको छ। यसैगरी सोही स्थानमा पश्चिमबाट पूर्वतर्फ जादै गरेको ना ७ ख २०१५ नम्बरको बसलाई चेकजाँच गर्ने क्रममा बिना बिल ल्याउँदै गरेको अन्दाजी १ लाख ५७ हजार ५ सय मूल्य बराबरको जेन्स टिसर्ट, लेडिज टप्स लगायतका विभिन्न कपडा फेला पारेकोले कपडा बरामद गरी बसलाई गन्तव्य तर्फ पठाइएको छ।

नियन्त्रणमा लिएको चिनी, ट्रक र कपडा आवश्यक कारबाहीका लागि भन्सार कार्यालय महेशपुर पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ।

**प्रवास डायरी**
तिलु शर्मा पौडेल/मध्यान्ह

# हेल्प मधेसी कतारमा नयाँ नेतृत्व चयन

हेल्प मधेसी कतारको तेस्रो साधारण सभा सम्पन्न भएको छ। परदेशमा मधेसी मूलका नेपालीहरूको छाता संगठनको रूपमा स्थापित समाजको अध्यक्षमा रामकुमार यादव निर्विरोध निर्वाचित भएका छन् । समाजका अध्यक्ष राम कल्याण महतोको सभापतित्व तथा एनआरएनए कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानको प्रमुख आतिथ्यतामा साधारण सभा सम्पन्न भएको हो ।



सभाबाट नव निर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा शिव कुमार महतो,र विश्वेश्वर यादव, उपाध्यक्षहरूमा वीरेन्द्र मण्डल, लालबाबुसाह, देवेन्द्र कुमार ठाकुर, इसिलाल पण्डित, मन्दिप महतो, रमेश कुमार यादव, महासचिव प्रदीप ठाकुर, सचिवहरूमा गङ्गा प्रसाद यादव, राजा साह, अभिमन्यु यादव, भागरथ कुमार यादव, अमरनाथ साह, रामबाबु साह कोषाध्यक्षमा सन्तोष कुमार साह, सह कोषाध्यक्षमा रामकुमार यादव र देवनारायण महतो निर्विरोध भएका छन्। कार्यसमिति सदस्यहरूमा कमलेश महतो, अबधेश कुमार मण्डल, राजेश्वर मण्डल, ब्रिज देव साह, सत्य नारायण राय, विनोद शर्मा, विजय कुमार राउत, पवन कुमार मण्डल, रामप्रकाश यादव, तेज नारायण यादव, शिव कुमार शाफी, वीरेन्द्र कुमार यादव, राजकुमार ठाकुर, विश्वेश्वर ठाकुर उत्तम कुमार मण्डल, सञ्जय कुमार दास, सञ्जीव कुमार साह, लालबाबु महतो रहेका छन् ।

अधिवेशनले मिडिया संयोजकमा ओम प्रकाश यादव, सल्लाहकारहरूमा जय किशोर मण्डल, लक्ष्मीनारायण मण्डल, मनराम यादव(मनिष) जमिर नदाफ, जिबछ यादवलाई चयन गरेको छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि मुसलमानले मधेसको कोही पनि श्रमजीवी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई कुनै किसिमको समस्या आए सिधा नेतृत्व मार्फत जानकारी गराउन अनुरोध गरेका थिए । उनले आफूले श्रमिकका हितका लागि जस्तोसुकै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै नयाँ बन्ने कार्यसमितिलाई शुभकामना व्यक्त गरेका थिए ।

अधिवेशनका सभापति महतोले हेल्प मधेसी कतारको निमन्त्रणालाई सहर्ष स्विकार्दै उपस्थित सम्पूर्ण व्यक्तित्वहरू तथा कार्यक्रमलाई सफल बनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्णमा धन्यवाद ज्ञापन गरेका थिए। खुला सत्रलाई राम अधीन यादवले सहजीकरण गरेका थिए ।

# कतारमा वृहत् 'ताम्बा' साँस्कृतिक कार्यक्रम सम्पन्न

नेपाल तामाङ घेदुङ प्रवास कार्यसमिति कतारको भ्रातृ संगठन नेपाल तामाङ ताम्बा घेदुङ कतारद्वारा आयोजित 'ताम्बा वृहत् सांस्कृतिक कार्यक्रम-२०२२' सम्पन्न भएको छ ।

मुस्लिम धर्मालम्विहरुको महान् पर्व बकर ईदको अवसरमा आयोजित कार्यक्रम 'आपा थोर्सामह्रुई थोर्ला आमा थोर्सम ग्योई थोर्ला' भन्ने मूल नाराका साथ ताम्बा कार्यसमितिका अध्यक्ष राम बहादुर तामाङको सभापतित्व, साथैघेदुङ कतारका संरक्षक बिनेश तामाङको प्रमुख आथित्यतामा सम्पन्न भएको हो। कार्यक्रममा लामा गुरु लगायत कतारमा स्थापित विभिन्न संघसंस्थाहरुबाट उपस्थिति रहेको थियो ।

सह-सचिव बिन्दा तामाङको स्वागत मन्तव्य रहेको कार्यक्रममा प्रमुख अतिथि तामाङले बोल्दै विदेशमा भएर पनि आफ्ना धर्म, संस्कृति, रीतिरिवाज, परम्परा जोगाउन यस्ता कार्यक्रम गर्नु अपरिहार्य रहेको बताए। तामाङहरूका विभिन्न धर्म संस्कृतिमध्ये 'ताम्बा' एक महत्त्वपूर्ण र आफैमा इतिहास बोकेको संस्कृति रहेको बताउँदै उनले २५ लाख तामाङहरूको आधिकारिक संस्था 'घेदुङ' मात्र रहेको बताए । तामाङले कतारमा रहेका सम्पूर्ण तामाङहरू लाई एकजुट हुन आग्रह समेत गरे ।

तामाङ जातिको इतिहास, सामाजिक परम्परा र धार्मिक कर्मकाण्डको ज्ञान भएकाले तामाङका धार्मिक, सांस्कृतिक एवं विवाहलाई व्यवस्थित बनाउने काम पनि ताम्बाकै हुने हुँदा, ताम्बा, तामाङ संस्कृतिको मर्म, प्रतिपालक, इतिहासकार, धार्मिक सामाजिक कार्यको अगुवा रहेको कार्यक्रममा बोल्ने अन्य वक्ताहरूको भनाइ थियो ।

सांगीतिक प्रस्तुति अन्तर्गत मौलिक बँदेल नाच, ताम्बा प्रस्तुति, डम्फु नाच, डम्फुला ह्वाइ, तामाङ दोहोरीका रूपमा मानिने फापरे व्हाई, (फापरे गीत) लगायतका मौलिक कोसेली प्रस्तुत गरिएको थियो । उत्तम तामाङ, प्रिया तामाङ, शशीकला तामाङ, कमला



घिसिङ तामाङ, सपना घलान तामाङ, सृष्टि श्रेष्ठ, पार्वती तामाङ, सन्ध्या अर्याल, समीर तामाङ, सन्च माया तामाङ, सुर्जे बहादुर तामाङ, गौतम मोक्तान तामाङ, सपना घलान तामाङ, सुन्दर मोक्तान तामाङ, मसिनी तामाङ, सुमन तामाङ, सिर्चेन तामाङ, वनिता राईले सांगीतिक प्रस्तुति दिएका थिए ।

तामाङ घेदुङका सचिव भिमराज स्याङ्वा तामाङ र आजीवन सदस्य कमला दोङ तामाङले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति पाखिन तामाङले कार्यक्रम सफल पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने तथा विभिन्न संघ संस्थाका प्रमुख, प्रतिनिधिहरुलाई धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रमको अन्तिममा कार्यक्रमलाई सफल पुऱ्याउन सहयोग गर्ने कलाकार, स्वयंसेवक तथा नैतिक, सामाजिक आर्थिक रूपमा सहयोग गर्ने व्यक्ति, संघसंस्था र मिडियाकर्मीहरूलाई संयुक्तरूपमा कदर पत्रद्वारा सम्मान गरिएको थियो ।

### ताम्बाहरुमा डम्फुको इतिहास

पेङ दोर्जे एक सिकारी थियो । तामाङ जातीले बोक्ने डम्फु उनै दोर्जेले बनाएको इतिहास छ । दोर्जे लेकमा गई मृग (ताङ्गी) लाई मारेर छाला (डि) निकाली पहाडमा गई (आम्बु) कोइरालाको रुख काटी गेरो बनाई (बाँस) रिन को बत्तिस किला राखेर बनाएको र बजाउँदा सुन्दर ध्वनिमा बजेको बताइन्छ। यसैलाई तामाङहरूले मौलिक बाजाको रूपमा लिने र बजाउने गरेका छन् ।

डम्फु तामाङ समुदायको चिनारीसङ जोडिएको बाजा भएको हुँदा यो अरू डम्फुसङ मेल खाँदैन। यो डम्फु देब्रे हातले समाती दाहिने हातका औंलाले पिटेर बजाउने बाजा हो । प्राचिनकालमा सिकारीका रूपमा रहेका दोर्जेले आफ्नो प्रेमिकालाई खुसी बनाउनका लागी कोइरालाको रूपको घेरामा मृगको छालाले मोडेर ३२ किला ठोकेर डम्फु बनाएको किंवदन्ती तामाङ समुदायमा प्रचलित छ। त्यसैले तामाङहरूको डम्फुमा ३२ वटा बाँसको किला ठोकेको र यसले राम्रो स्वर दिन्छ भन्ने मान्यता रही आएको छ। तामाङहरूले डम्फु उपहार दिए र स्वीकार भए प्रेम सफल भएको विश्वास गर्दछन् ।

# नगरप्रमुख जैसवालको निर्देशनमा सडक मर्मतलाई तिव्रता

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ असार



गरुडामा वर्षौ देखि पानीको निकासको समस्या खेप्दै आइरहेका जनताको समस्या समाधान हुने भएको छ ।

गरुडा नगरपालिकाको चौक तथा गरुडा नगरपालिकाको कार्यालय अगाडि वर्षा हुनासाथ पानी जमेर ताल, पोखरी हुने समस्याको निकास हुन लागेको हो ।

गरुडा नगरपालिकाको नवनिर्वाचित नगरप्रमुख कन्थमनि प्रसाद जैसवालको निर्देशनमा पानीको निकास तथा सडक मर्मत कार्यलाई तिव्रता दिएका छन् ।

नगर प्रमुख जैसवाल निर्वाचित भएको एक महिना नबित्दै उनले आफ्नो चुनावी प्रतिवद्धता अनुसारको कामलाई निरन्तरता दिएका छन् ।

नालाको पानीको निकास नहुँदा गरुडा नगरपालिकाको सौन्दर्य नै विग्रने अवस्थामा पुग्ने भएकोले यसलाई प्राथमिकतामा राखेर निकासको कामलाई तिव्रता दिइएको मेयर जैसवालले बताए ।

गरुडाको नाला र फोहर व्यवस्थित हुँदा यस नगरका सौन्दर्य फक्रिने नगरप्रमुख जैसवालको विश्वास छ ।

यो भन्दा अघि पानी पर्दा गरुडा नगरपालिका देखि ईलाका प्रहरी कार्यालय गरुडासम्म गंगा जमुना बगेको देखिनथ्यो । सो गंगा जमुनामा स्नान गरी नगरपालिका तथा ईलाका प्रहरी कार्यालयभित्र पानी प्रवेश गरेको थियो ।

नगर प्रमुखले करोडौँ बजेट चलाएपनि त्यसतर्फ ध्यान गएको थिएन । तर नवनिर्वाचित नगर प्रमुख कन्थमनि प्रसाद जैसवालले पद भार सम्हालेको एक महिना भित्रैमा नालाको सुधार देखि अन्य कुराहरुमा सुधार ल्याएकोमा नगरका सम्पूर्ण नगरबासी धेरै नै हर्षित भएका छन् ।

# ७७ प्रतिशत उम्मेदवारले खर्च विवरण बुझाएनन्

**प्रकाश अधिकारी/मध्यान्ह**
दमौली, २६ असार

निर्वाचन परिणाम सार्वजनिक भएको एक महिना बितिसक्दा पनि तनहुँमा ७७ प्रतिशत उम्मेदवारले खर्च विवरण बुझाउन अटेर गरेका छन्। स्थानीय तह निर्वाचनको परिणाम सार्वजनिक भएको एक महिनाभित्र खर्च विवरण बुझाउनुपर्ने कानूनी प्रावधान रहे पनि जिल्लामा ७७ प्रतिशत उम्मेदवारले खर्च विवरण नबुझाएका हुन् ।

दश स्थानीय तहमा एक हजार ६३६ उम्मेदवार रहेकामा ३७२ जनाले मात्रै खर्च विवरण बुझाएको जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिए। उनका अनुसार एक हजार २६४ उम्मेदवारले खर्च विवरण बुझाएका छैनन् । 'खर्च विवरण बुझाउन सूचना प्रकाशित गर्‍यौं, तोकिएको मितिभित्र सबै




उम्मेदवारले खर्च विवरण बुझाउनुभएन', ढकालले भने, 'खर्च विवरण नबुझाउनेलाई निर्वाचन आयोगले कारबाही गर्छ ।'

निर्वाचन आयोगले असार मसान्तभित्र विवरण पठाउन निर्देशन दिएको छ । 'हालसम्म खर्च विवरण बुझाउनको विवरण सफ्टवेयरमा भर्दैछौं', उनले भने, 'असार महिनाभित्र आउने सबैको विवरण सफ्टवेयरमा भर्छौं, त्यसमा कहिले बुझाएको भन्ने मिति राखिनेछ ।'

नगरप्रमुख, उपप्रमुख पदका उम्मेदवारले रु चार लाख ५० हजार, वडाध्यक्षले रु दुई लाख, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष उम्मेदवारले रु तीन लाख ५० हजार र अन्यले रु एक लाख ५० हजारसम्म खर्च गर्न पाइने आयोगले व्यवस्था गरेको थियो । स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (२), स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० तथा आयोगद्वारा स्वीकृत निर्वाचन आचारसंहिता बमोजिम उम्मेदवारले खर्च विवरण बुझाउनुपर्ने हुन्छ ।

मध्यान्ह
www.madhyanhadaily.com
२७ असार २०७९, सोमबार
11 July 2022, Monday

सम्पादकीय

## संविधान कमजोर बनाउने खेल

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक सरकारले दर्ता गरेको छ । राष्ट्रियसभामा दर्ता भएको विधेयकमा अध्यक्ष र बहाल रहेको सदस्य संख्याको ५० प्रतिशत उपस्थित भए बैठक बस्न गुण पुरक संख्या पुग्ने र सहमति नभए ५० प्रतिशतले निर्णय लिनसक्ने व्यवस्था गरिएको छ । यो विधेयकलाई लिएर प्रधानमन्त्री शेरबहादुर देउवा र गठबन्धन सरकारको चर्को आलोचना भइरहेको छ । किनकि यस्तै प्रावधान सहित संवैधानिक परिषद् सम्बन्धी अध्यादेश अघिल्ला प्रधानमन्त्री केपी शर्मा ओलीले तीन पटक ल्याएका थिए । पहिलोपटक २०७७ वैशाख ८ गते ओलीले अध्यादेश ल्याएका थिए । त्यसबेला संविधानवाद, राज्य शक्ति सन्तुलन र बहुदलीय प्रणालीको भावना बिपरीत अध्यादेश ल्याइएको भनेर ओलीको चर्को आलोचना भयो ।

आलोचनाबाट पछि हट्दै ओलीले अध्यादेश फिर्ता लिए । तर तिनै अध्यादेश फेरि २०७७ मंसिर अन्त्यमा ओलीले ल्याए । त्यस अध्यादेशको आधारमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिम्सिनासँग भागबण्डाका आधारमा संवैधानिक निकायमा सिफारिस गरिएको थियो । फेरि २०७८ वैशाख तेस्रो साता पनि तिनै अध्यादेश ल्याएर संवैधानिक निकायमा सिफारिस भयो । उक्त सिफारिसविरूद्ध परेको रिटमाथि सर्वोच्च अदालतमा सुनुवाइ भइरहेको छ । यो अध्यादेशकै कारण बढेको अन्तरकलह व्यवस्थापन गर्न नसक्दा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नै विभाजित भयो । ओलीले प्रधानमन्त्रीको हैसियतमा प्रतिनिधिसभाको विघटनको निर्णय गरे । प्रतिनिधिसभा दुई पटक विघटन र दुवै पटक पुनर्स्थापना भयो ।

ओलीका यी कदमहरू संविधानको भावना र प्रावधान बिपरीत थिए । त्यसैले ओलीलाई 'प्रतिगामी'को आरोप लाग्यो । तर उनी सत्ताच्यूत भएकाले सत्ता गठबन्धनले सरकार सञ्चालन गरिरहेको छ । तर संविधान र व्यवस्था जोगाउन भन्दै बनेको गठबन्धन सरकारले पनि ओली नेतृत्व सरकारले गरेकै निर्णय गरेको छ । यो विधेयकको आशय ओलीले जस्तै विपक्षी दल र सर्वोच्च अदालतका न्यायाधीश नहुँदा पनि परिषद्को बैठक राख्न सकिने विधेयक सरकारले अगाडि बढाएको छ । यदि यो विधेयक पारित भए विपक्षमा पर्ने दुई मत (विपक्षी दलको नेता र राष्ट्रियसभा अध्यक्ष) बाहेकले सजिलै निर्णय लिन सक्नेछन् । किनकि रिक्त उपसभामुख तत्काल नियुक्त गर्न सत्ता गठबन्धनले सक्नेछन् । सभामुख अग्निप्रसाद सापकोटाले प्रधानमन्त्री देउवालाई साथ दिने प्रष्ट छ । उपसभामुख नियुक्त हुनासाथ संवैधानिक सिफारिसमा एकल निर्णय गर्न बाटो खुल्नेछ । त्यसैले यो कदम सजिलो नभएको टिप्पणी भइरहेको छ । सँगै, यो विधेयकमार्फत् सत्ता गठबन्धन सरकारले पनि संविधानमाथि आक्रमण कायमै राखेको छ, जुन कामको दण्डका रूपमा ओली सत्ताच्यूत भएका थिए ।

# व्यक्ति केन्द्रित नेतृत्व र नेपाली राजनीति

*आज पार्टीभित्र एकातिर आन्तरिक लोकतन्त्र कमजोर हुँदै गएको छ भने अर्कोतिर दासताको विकास भइरहेको छ । ब्यानरमा गणतन्त्र र लोकतन्त्र भनिएको छ तर, व्यवहारमा लोकतन्त्रको नमूना छैन ।*

अग्रलेख



● विष्णु पन्त

### सबै पार्टीभित्र व्यक्ति प्रधान

नेपाली राजनीतिक पार्टीहरुमा अनौठो रोगको विकास भएको छ, त्यो हो व्यक्ति प्रधान नेतृत्व । जसको कारण पार्टीहरुभित्र चाकडीबाज र अराजकतावाद मौलाएको छ । आज कम्युनिष्ट पार्टीहरु किन कमजोर भए ? किन विभाजित भए ? किन जनताबाट बहिष्कृत हुँदैछन् ? यी सबैको एउटै उत्तर हो व्यक्ति प्रधान नेतृत्व । आज नेपालका सबै पार्टीहरु पार्टी अध्यक्ष वा सभापतिहरुको पेवा जस्तै बनेका छन् । हिजो केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'को स्वार्थ वा भागवण्डा मिल्यो र रातारात दुई पार्टी एक भए तर, जब ओली र प्रचण्डबीच कुरा मिलेन पार्टी विभाजित भए । आज एमालेमा ओलीका दासहरु मात्रै थुप्रीएका छन् भने माओवादी केन्द्रमा प्रचण्डका दासहरु । पार्टीहरुमा दासप्रथाको अन्त्य भएन, सामन्ती प्रथाको कुरै नगरौं ।

आफुलाई प्रजातन्त्रको पर्याय भन्न नछाड्ने नेपाली कांग्रेसमा पनि अवस्था एमाले र माओवादीमा भन्दा भिन्न छैन । त्यहाँ पनि शेरबहादुर देउवाको दास नबन्नेहरु उत्पीडित बनेका छन् । अन्य साना दलको विषय त झनै डरलाग्दो छ । भनिन्छ 'बिरालाले पाठ सारिरहन्छ' आज मधेश केन्द्रित र साना दलहरुमा कुनै एक नेताले अन्य नेता तथा कार्यकर्ताहरुलाई त्यसै गरि सारिरहेका छन् । मधेश केन्द्रित दललाई हेर्दा लाग्छ, बिराला प्रवृत्ति हुबहु देखिन्छ । स्वार्थ बाझिएलगत्तै च्याँखे थाप्ने र आफ्नो समूह बोकेर अर्केतिर गइहाल्ने । आज जताततै यही शैलीका कारण पार्टीहरु विभाजित र टुक्रा-टुक्रा भएका छन् । जसले राजनीतिक स्थिरता होइन अस्थिरताको विकास गराइरहेको छ ।



आज पार्टीभित्र एकातिर आन्तरिक लोकतन्त्र कमजोर हुँदै गएको छ भने अर्कोतिर दासताको विकास भइरहेको छ । ब्यानरमा गणतन्त्र र लोकतन्त्र भनिएको छ तर, व्यवहारमा लोकतन्त्रको नमूना छैन । माओवादी केन्द्रका नेता र कार्यकर्तालाई लागेको छ, प्रचण्डले एकदिन चमत्कार गर्छन् र सत्ता कब्जा गर्छन् । हुन पनि संयोग त्यस्तै छ, विगतमा राप्रपा जस्तै अहिले माओवादी केन्द्र सधैं सरकारमा छ । अझै अहिलेको स्थानीय निर्वाचनको सफलतापछि त त्यो विचार झनै हाबी बनेको छ । उता एमालेमा त्यस्तै छ : ओलीले पुरै चमत्कार गर्छन् भन्ने प्रतिक्षा देखिन्छ । चमत्कारको प्रयास गर्दागर्दै उनी सत्ताच्यूत भए र स्थानीय निर्वाचनमा पनि धक्का खाए । नेपाली कांग्रेसको त झनै कुरा नगरौं, गत चुनावमा हारेको पार्टी सरकारमा छ र स्थानीय निर्वाचनमा सबैभन्दा ठूलो बनेको छ । कम्युनिष्टहरु फुटेकोसँगै कांग्रेसी नेता तथा कार्यकर्ताले देउवाको चमत्कार गरेको ठानिरहेका छन् । परमादेशबाट सरकारको प्रधानमन्त्री नै तोकिँदा आम नागरिकलाई पनि लागेको छ : चमत्कार त देउवाले पो गर्दा रहेछन् । यसो हेऱ्यो साना पार्टीहरुमा पनि त्यस्तै छ, जसपामा उपेन्द्र यादवको चमत्कार । एकजना नेताले जे भन्यो त्यही हुने रोग नेपाली राजनीतिमा छ । हुँदा हुँदा चमत्कारकै खोजीमा बालेन शाह, हर्क राई हुँदै रबी लामिछानेहरु पनि आएका छन् । त्यसकारण सबै पार्टीहरुमा दैवीय प्रभाव छ ।

नेतालाई देउता मान्ने वा अन्धविश्वास गर्ने संस्कृति हाबी हुँदै गएको छ । आजको राजनीतिक अभ्यासमा ओली, दाहाल, देउवा र माधव कुमार नेपालमा के कुनै अन्तर छैन । जनता चाहन्छन्, उनीहरुबीच अन्तर होस् । आजको अभ्यास यो छ कि जो सरकारमा पुग्यो त्यसले जित्यो । जसले पैसा कमायो, त्यसले जित्यो । हुन पनि दासहरु मन्त्री बन्छन् यो आश्चर्य नै छ । जो बढी दास बन्यो उही मन्त्री वा सांसद बन्यो । अब संसद र प्रदेशको चुनावको चर्चा चल्दै छ, त्यहाँ उम्मेदवारहरुको सूची नेताको खल्तीमा छ । मन्त्रीकै नाम खल्तीमा हुन्छ । पार्टीमा पनि नेता बन्ने सबालमा त्यही सुत्र छ । त्यसकारण पार्टीहरुमा हाबी भएको दास प्रथाको अन्त्य कहिले होला ? सबै पार्टीभित्र चमत्कारको भ्रमको अन्त्य कहिले होला ? नेपाली राजनीतिमा सति प्रथाको अन्त्य कहिले होला ?

> *आज सबै पार्टीहरू पार्टी अध्यक्ष वा सभापतिहरूको पेवा जस्तै बनेका छन् । नेताहरूबीच भागवण्डा मिल्दा रातारात दुई पार्टी एक हुने तर, कुरा नमिल्दा तत्कालै छुट्टिने अवस्था छ । एमाले र माओवादीमा ओली र प्रचण्डले जे भने त्यहि हुने अवस्था छ । नेपाली कांग्रेसमा पनि अवस्था उस्तै छ । त्यहाँ पनि देउवाको विरोध गर्नेहरू उत्पीडित बनेका छन् । अन्य साना दलभित्रको अवस्था त झनै डरलाग्दो छ ।*

### नेतृत्वमा अहंकार

आज नेताहरुमा व्यक्तिगत अहंकारले डेरा जमाएको छ । सबै नेतालाई म नै सिजिनपिङ्ग, म नै भ्लादमीर पुटिन भन्ने लागेको छ । उनीहरुलाई वर्षौंसम्म सत्ता चलाउने रहर पलाएको छ । आजको सामाजिक मान्यता नै बनेको छ कि अहंकार बिना नेता बन्न सकिँदैन । अहंकारले प्रतिशोध र दिशाहिनता जन्माउँछ । आफ्नो पंक्ति र जनतालाई माया अनि सम्मान गर्ने नेताको आवश्यकता छ । प्रत्येक पार्टी सदस्य र जनतालाई माया गर्ने नेता चाहिएको छ । को मित्र हो, को सत्रु हो अनि कहाँ जाने हो, केही थाहा छैन । आजको राजनीति दिशाहिनताको शिकार बनेको छ ।

सत्ता उन्मादले सबैलाई अन्धो बनाएको छ । मन्त्री हुनासाथ सत्ता, पैसा र उन्मादसँगै आउने आजको संस्कृति बनेको छ । राजनीति रातारात धनी बन्ने व्यापार बनेको छ । त्यसकारण आज राजनीतिप्रति सर्वत्र वितृष्णा छ । नेताहरुप्रति जनआक्रोश छ । एउटा राजा फालेर सयौं राजा जन्माउनु पर्ने हाम्रो नियति बनेको छ । आजको लडाइँ चुनावदेखि चुनावसम्म केन्द्रित छ । अहिले हामी अर्को संघीय र प्रदेशको चुनावको तयारीमा गएका छौं । अहिले चुनावी गठबन्धन र षडयन्त्रका अभ्यासहरु भएका छन् । अहिलेको सत्ता गठबन्धनलाई वाम-लोकतान्त्रिक गठबन्धन भनिएको छ । अर्कोतिर वाम गठबन्धनको चर्चा पनि चलेकै छन् । ओली र दाहालको स्वार्थ नमिल्दासम्म वाम गठबन्धन हुन सक्दैन । हिजोको घात प्रतिघातको आलो घाउमा वाम गठबन्धन सफल नहुन सक्छ । उता ओलीले पनि गठबन्धनको तयारी गर्दैछन् । वास्तवमा तत्कालिन सरकारी नेकपाको विभाजन एउटा उद्देश्यका लागि गराइएको थियो, त्यो हो डुब्नै लागेको नेपाली कांग्रेसलाई उद्धार गरी फेरि चुनावमा जिताउने । यो मिसन सफल नहुँदासम्म ओली र दाहाल लडिरहन्छन् र लडाइन्छन् । आगामी चुनावको अंकगणित त अनुमान गर्न सकिँदैन । जसले देशलाई थप अस्थिरतातर्फ धकेल्दै छ ।

### चुनावमा समेत बाह्य प्रभाव

आज कुन पार्टीप्रति कसको सद्भाव छ भन्ने कुरा सतहमै देखिने अवस्था बनेको छ । नेपाली कांग्रेसले जितेमा अमेरिकाको प्रभाव बलियो हुने अनि एमाले वा माकेले जितेमा चीनको प्रभाव बलियो हुने स्पष्ट छ । त्यसकारण चीनको जोड वाम एकतामा हुन्छ भने अमेरिकाको जोड अहिलेको गठबन्धनमा हुन्छ । सायद यस्तो अन्तरविरोधले हामीलाई कहाँ पुऱ्याउला भन्ने प्रश्न जन्मीनु स्वभाविक छ । आगामी चुनावको परिणामले एमसीसी र एसपीपीको भविष्यलाई निर्धारण गर्छ भन्ने बहस, चेतना र छलफल वाम चेतनामा छैन । यदि नेपाललाई वैदेशिक हस्तक्षेपबाट मुक्त गर्ने हो भने साना वा ठूला सबै वाम एक ठाउँमा आउनुपर्छ । तर त्यो चेत नेपालका नेताहरुमा छैन ।

हस्तक्षेपलाई कसरी कमजोर बनाउने अनि राष्ट्रियतालाई कसरी बलियो बनाउने भन्ने चेतना नेतृत्वमा देखिन्न । आजको आवश्यकता बृहत राष्ट्रिय एकता हो र त्योभन्दा पहिले बृहत वाम एकता हो । नेपालको वाम चेतना भनेको आपसमा लड्नु र सिद्धिनु जस्तै देखिएको छ । आपसमा लड्ने चेतना आत्मघाती चेतना हो । एमसीसी र एसपीपीको विरोध गर्ने तर, नेकालाई वा शेरबहादुर देउवालाई सत्ता सुम्पने बुद्धि राष्ट्रघाती कि राष्ट्रवादी ? त्यसकारण सत्ताको लागि जे पनि गर्न तयार हुने नेतृत्वको विकल्प आजको सबैभन्दा महत्वपूर्ण सवाल हो । आज नेतृत्वबारे निर्मम समीक्षा आवश्यक छ ।

सामाजिक सञ्जाल



- कृष्ण घिमिरे

विकास जनतासँग प्रतक्ष्य जोडिने विषय हो । लक्ष्य जनताको जीवनमा ल्याइने आर्थिक, सामाजिक र मानवीय परिवर्तन हो । तर नेपाली राजनीति र तह/तहका सरकारले बिना युक्तिपूर्ण योजना, सोंच र तयारी जनतालाई बिर्सेर शालिक, भ्यूटावर, डोजरे बाटा र उपायदेयता बिहीन भौतिक संरचनालाई विकासको मापक बनाए ।



- प्रेम घर्तिमगर

जनताले तिरेको करले मन्त्रीको बा-आमाको नाममा करोडौंको स्मृति कोष, छोरा-छोरीलाई विदेशमा उच्च्च शिक्षा, आफूलाई जीवनभर पुग्ने अकुत सम्पत्ति आर्जन । अनि सर्वसाधारणलाई ढाड सेक्ने गरी महँगी, अभाव र कष्टप्रद जिन्दगी ! यस्तै हो भने, ढिलो चाँडो नेपालको अवस्था पनि श्रीलंकाको जस्तै पक्कै हुनेछ ।



- द्वारिकानाथ ढुंगेल

आर्थिकरूपमा मुलुक भीरमा पुग्दा र श्रीलंकाको बाटोमा हुँदा पनि नेपालका मन्त्री र नेता झुठ बोल्दैछन् । कहिलेसम्म नेपाली जनता भिआईपीलाई शान्तसँग सुत्न दिने हो ? राजा ज्ञानेन्द्र जसले मेरो श्रीपेच खोस्यो उसैले लगाई दिन्छ भनेर बस्ने हो ?



- डा. जागेश्वर गौतम

हाम्रा सन्चारमन्त्रीले डराउनु पर्दैन, नेपाल श्रीलंका पथमा जाँदैछैन भन्नू भएको छ, हामी मन्त्रीज्युको कुरा पत्याउला तर, डलर सञ्चिति घट्दै गएको चाहिँ झुट्टो हो ? यसको मतलब हामीले यसको रिजल्ट पर्खेर बस्न भन्नू भाको हो भने गलत प्रमाणित हुने पक्का छ ।




- महेश पन्त

हिन्दमहासागरको मोती भनेर चिनिने श्रीलंका आर्थिकरूपमा टाट पल्टिनु कोभिड त कारक मात्र हो । गलत राजनीति, गैह्रजिम्मेवार नेता र नीति, पारिवारिक राजनीति, संस्थागत भ्रष्ट्राचार, असन्तुलित विदेश नीति, तिर्न नसक्ने ऋण र दुरूपयोग नेताले भ्रष्ट्राचार गर्दा नि ताली बजाउने कार्यकर्ता मुख्य हुन् ।

# बहसमा आधुनिक प्रशासन

विचार



● बिदुर दाहाल

समयको मागसँग मिल्दो जुल्दो आधुनिक प्रशासन कस्तो हुनुपर्छ भन्ने सवालमा फरक-फरक बुझाइ र धारणा रहेका छन् । सेवा लिनेले खोजेको प्रशासन कस्तो होला ? सेवा दिइरहेकाहरुले चाहेको प्रशासन कस्तो होला ? सरकार कस्तो प्रशासन चाहन्छ होला ? विश्व परिवेश कस्तो छ ? सञ्चार र प्रविधिको विकासले सार्वजनिक प्रशासनलाई के-कस्ता अवसर र चुनौती थपेको छ ? यी विषयमा चर्चा गर्नु अहिले निकै सान्दर्भिक देखिन्छ ।

मुख्यगरि आधुनिक प्रशासन को हो भन्ने विषयमा हामी सबै स्पष्ट हुन जरुरी छ । प्रविधिमा आधारित जनताको सेवामा केन्द्रित प्रशासन नै आधुनिक प्रशासन हो । जहाँ सेवा दिनेहरु मालिक र सेवा लिनेहरु निमुखा होइनन् भन्ने मान्यता राखिन्छ । आधुनिक प्रशासनका अनेक आयाम भएता पनि आलेखमा तीन वटा आयामलाई मुख्य आधार बनाई चर्चा गरिएको छ ।

- निपुर्णतामा आधारित सार्वजनिक प्रशासन ।
- कार्य घण्टाका आधारमा ज्याला भूक्तानी गर्ने प्रशासन ।
- लचकतामा (कार्य समय) आधारित प्रशासन ।

पुँजीवादी विश्व अर्थतन्त्र जो नाफा नोक्सानमा विश्वास राख्छ । नाफालाई प्राथमिकतामा राख्दछ । सार्वजनिक प्रशासन र कर्मचारीतन्त्र पनि विश्व व्यवस्थासँगै मिल्दो जुल्दो हुनुपर्छ भन्ने मान्यता राखिन्छ । प्रशासकहरु कार्य व्यवस्थापनमा र कर्मचारी आफ्नो काममा निपूर्ण हुनुपर्छ ।

> हाम्रो सार्वजनिक प्रशासनमा अझै पनि सेवाग्राहीको अनुहार हेर्नुपर्छ, उनीहरुलाई लाइनमा राखेर सेवा दिनुपर्छ भन्ने मान्यता छ । जसलाई नत्यागी हामी अगाडि जान सक्दैनौ । कम्युटर/अनलाइनको माध्यमबाट जतिबेर पनि सेवा दिन सक्ने र लिन सक्ने प्रशासन २१ औं शताब्दीको प्रशासन हो । यो नै समयको माग हो ।

लुम्रे-झुम्रे होइन फूर्तिलो कर्मचारी, जसले छिटो छरितो सेवा दिन सकोस् । कार्य-कुशल, जाँगरिलो, हँसिलो, अतिरिक्त आयलाई भन्दा जनताको सेवालाई प्राथमिकता दिने, इमानदार, नैतिकवान, प्रबिधीमैत्री कर्मचारी प्रशासन २१ औं शताब्दीको प्रशासन हो ।

कार्य प्रक्रियाका साथ-साथै परिणाम र प्राप्तिलाई जोड दिने कर्मचारी जो सिसि क्यामेराको निगरानीमा बसेर नागरिकको सेवामा केन्द्रित प्रशासन चाहिएको छ । साचोरूपमा जनताको नोकर चाहिएको छ ।

तलब सुबिधा के-कति दिनुपर्छ भन्ने कुरा राज्यले तय गर्नुपर्छ । कर्मचारीलाई जीवन निर्वाह गर्न पुग्ने तलव सुबिधा प्रदान गर्नु राज्यको दायित्व हो । कर्मचारीले आफ्नो सामाजिक सुरक्षालगायतका विषयमा चिन्ता लिन नपरोस् । जुन राज्यले ग्यारेन्टी गर्नुपर्छ । जस्तो कि स्वास्थ उपचार, शिक्षा, बृद्ध अवस्थाको जिम्मेवारी आदि आदि ।

आधुनिक सार्वजनिक प्रशासन सन्चालन गर्ने कर्मचारी स्थायी नै हुनुपर्छ भन्ने मान्यता अब त्याग्नुपर्छ । कामको ज्याला कार्य घण्टाको आधारमा दिइनु पर्छ । कार्य सम्पादन मुल्यांकनलाई तलब सुबिधा बृद्धिको आधार बनाइनु पर्छ । कार्यलय आय बापत तलब होइन, कार्यालयमा काम गरे बापत प्रति घण्टाका आधारमा ज्याला भुक्तानी गर्ने हो भने काममा हुने ढिला सुस्ती, हाजिर गरेर भाग्ने मात्र होइन अति राजनीति पनि अन्त हुन्छ । समयले खोजेको आधुनिक प्रशासन यस्तै हो ।

कतिपय कामहरु कार्यालयमा नआई गर्न सकिन्छ । बिहान-बेलुका-राती पनि गर्न सकिन्छ । बिदाको दिन गर्न सकिन्छ । १०-५ मा नै काम गर्नुपर्छ भन्ने होइन । मिल्न सक्ने काम जुन सुकै समयमा जहाँबाट पनि गरिदिन सक्ने प्रशासन हुनुपर्छ । काम शुरु गर्ने र अन्त गर्ने समयबिच लचकता हुनुपर्छ ।

हाम्रो सार्वजनिक प्रशासनमा अझै पनि सेवाग्राहीको अनुहार हेर्नुपर्छ, उनीहरुलाई लाइनमा राखेर सेवा दिनुपर्छ भन्ने मान्यता छ । जसलाई नत्यागी हामी अगाडि जान सक्दैनौ । कम्प्युटर/अनलाइनको माध्यमबाट जतिबेर पनि सेवा दिन सक्ने र लिन सक्ने प्रशासन २१ औं शताब्दीको प्रशासन हो । यो नै समयको माग हो । नेपालको सार्वजनिक प्रशासन कहिले त्यहाँ पुग्छ भन्न सकिन्न । तथापी पुग्नुपर्ने बिन्दु भने त्यहिँ नै हो ।

श्रीलंका संकट

# राष्ट्रपतिद्वारा राजीनामा घोषणा
# शान्ति कायम राख्न सेनाको आग्रह

**काठमाडौं/एजेन्सी-** श्रीलंकाली राष्ट्रपति गोटाबाया राजपाक्षेले आफ्नो पदबाट यही जुलाईको १३ तारिखमा राजीनामा दिने भएका छन् । उनले श्रीलंकाली संसदका सभामुख महिन्दा यापा अविवर्दनालाई सो कुराको जानकारी गराएका छन् । राष्ट्रपति गोटाबायाले शनिबार सभामुख अविवर्दनासँग आफूले जुलाई १३ मा राजीनामा गर्ने जानकारी गराएका सभामुख अविवर्दनाको कार्यालयले शनिबार प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ ।

श्रीलंकाका विभिन्न राजनीतिक दलहरुले गरेको मागका आधारमा राष्ट्रपति गोटाबायाले यो निर्णय गरेको जानकारी सभामुखको कार्यालयले प्रकाशन गरेको सो विज्ञप्तिमा जनाइएको छ ।

यसअघि यहाँका प्रधानमन्त्री रनिल विक्रमासिंघेले पनि आफ्नो पदबाट राजीनामा दिने बताइसकेका छन् । प्रधानमन्त्री विक्रमासिंघे र राष्ट्रपति गोटबायाले नै पद त्याग गर्नुपर्ने माग यहाँका राजनीतिक दलहरुले संसदमा गरिरहेका थिए । सोही मागका आधारमा उनीहरुले पद त्याग गर्ने निर्णय गरेका बताइएको छ ।

उता शनिबार नै राष्ट्रपति गोटबाया र प्रधानमन्त्रीको निवास र कार्यालयमा प्रदर्शनकारीहरु प्रवेश गरेका थिए । उनीहरुले प्रधानमन्त्री विक्रमासिंघेको घरमा आगजनी समेत गरेका छन् । उता राष्ट्रपति गोटाबायाले पनि शनिबार नै आफ्नो सरकारी निवास छोडेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जानकारी गराएका छन् ।

यसैबीच श्रीलंकाका सेना प्रमुख जनरल शेभेन्द्र सिल्भाले वर्तमान संकटलाई शान्तिपूर्ण ढंगबाट समाधान गर्ने अवसर आएको बताएका छन् । उनले आइतबार एक वक्तव्य जारी गर्दै देशको राजनीतिक संकटलाई शान्तिपूर्ण तरिकाले समाधान गर्ने अवसर आएको र त्यसका लागि जनताको समर्थन खोजेको बताएका छन् । साथै श्रीलंकनहरुलाई देशमा शान्ति कायम कायम गर्न सुरक्षाकर्मीहरुलाई समर्थन गर्न अनुरोध गरेको स्थानीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।



राष्ट्रपति राजापाक्षे राजीनामा दिन सहमत भएको केही घण्टापछि सेना प्रमुखले यस्तो बताएका हुन् ।

श्रीलंकाको संविधानअनुसार राष्ट्रपतिले राजीनामा दिएमा प्रधानमन्त्रीले अन्तरिम राष्ट्रपतिको कार्यभार सम्हाल्ने व्यवस्था रहेको छ । तर कार्यभार सम्हालेको एक महिनाभित्र संसदको अनुमोदन आवश्यक रहन्छ । प्रधानमन्त्रीले पनि राजीनामा दिएको अवस्थामा संसदका सभामुख अन्तरिम राष्ट्रपति रहने संवैधानिक व्यवस्था छ ।

हाल महिन्दा यापा श्रीलंकाका सभामुख छन् । तर उनी राष्ट्रपति राजापाक्षकै दलबाट रहेको हुँदा प्रदर्शनकारीले उनलाई राष्ट्रपति स्वीकार नगर्ने विश्लेषण गरिएको छ । यस्तो अवस्थामा सर्वोच्च अदालतका प्रधानन्यायाधीश राष्ट्रपति अन्तरिम राष्ट्रपति बन्न सक्ने संविधानको व्यवस्था छ । जसका लागि उनले संसदको अनुमोदन प्राप्त गर्न जरुरी छ ।

श्रीलंकाले खाद्यान्न, इन्धन र औषधिको चरम अभावको सामना गरिरहेको छ । दक्षिण एसियाली टापु देशले भोगिरहेको यो संकट विगत ७० वर्षयताकै सबैभन्दा खराब हो । विदेशी मुद्राको सञ्चिती रित्तिएपछि निजी सवारी साधनका लागि पेट्रोल र डिजेल बेच्न प्रतिबन्ध लगाइएको छ । मानिसहरू इन्धनका लागि कैयौं दिनसम्म लाइन लाग्न बाध्य भएका छन् ।

कोभिड महामारी र आर्थिक अव्यवस्थाका कारण श्रीलंकाको विदेशी मुद्राको सञ्चिति घटेको थियो । विदेशी मुद्रा नहुँदा विदेशबाट सामान आयात गर्न पनि समस्या उत्पन्न भएको हो । तीस दिनको थप समय पाएको भए पनि गत मे महिनामा पहिलो पटक श्रीलंका ऋण तिर्न विफल भएको थियो ।

देशलाई आर्थिक संकटबाट उद्धार गर्न अहिले श्रीलंका सरकार र अन्तर्राष्ट्रिय मुद्राकोष आईएमएफबीच तीन अर्ब पाउन्ड सहयोग उपलब्ध गराउने विषयमा वार्ता भइरहेको छ ।

## ‘श्रीलंका संकटका कारण भारतमा शरणार्थी समस्या छैन’

भारतका विदेश मन्त्री एस जयशंकरले टापुराष्ट्र श्रीलंकामा विकसित घटनाक्रमलाई नजिकबाट नियालीरहेको बताउँदै श्रीलंका संकटका कारण देशमा शरणार्थी समस्या नरहेको स्पष्ट गरेका छन् ।

दक्षिण भारतका मतदातालाई भारतीय जनता पार्टीको पक्षमा पार्ने प्रयासमा दक्षिणी राज्य केरला भ्रमणमा रहेका उनले भारत सरकारबाट श्रीलंकालाई निरन्तर सहयोग भइरहेको तथा थप मद्दतको प्रयास पनि जारी रहेको जानकारी दिँदै उनले श्रीलंकालीहरूले आफ्ना समस्या समाधान गरिरहेकाले त्यहाँको वस्तुस्थितिको निरन्तर निगरानी गरिएको र अहिले शरणार्थी संकट नभएको बताए ।

विदेशमन्त्रीको उक्त अभिव्यक्तिले कठिन समयमा भारत कसरी आफ्ना छिमेकीहरूको साथमा उभिएको छ भन्ने झल्काउँछ । अभूतपूर्व राजनीतिक एवं आर्थिक संकटको सामना गरिरहेको श्रीलंकालाई ‘छिमेक पहिलो नीति’अन्तर्गत कठिनाइबाट पार लगाउन कोलम्बोको अनुरोधलाई भारतले तत्काल सम्बोधन गरेको बताए ।

पूर्वाधार निर्माण र नवीकरणीय ऊर्जाको माध्यमबाट दुई देशबीचको आर्थिक सम्बन्धमा बढोत्तरी भइरहेको जानकारी दिँदै उनले तीन अर्ब ५० करोड अमेरिकी डलर सहयोग गरेको बताए । जीवनदायी औषधि, खाद्यान्न र इन्धन खरिदका लागि उक्त रकम प्रदान गरिएको हो ।

भारत-श्रीलंका सम्बन्ध सुमधुर रहेको र त्यहाँका जनतालाई सघाउन सधैं तत्पर रहेको स्पष्ट गर्दै उनले श्रीलंकाली जनताप्रति भारतको ऐक्यबद्धता रहेको स्पष्ट गरे ।

# युक्रेनले १ अर्ब ७ करोड अमेरिकी डलर सहयोग पाउने

**काठमाडौं/एजेन्सी-** केही समययतादेखि रुसको आक्रमणबाट आक्रान्त रहेको युक्रेनले विश्वका दाताहरुबाट सहयोग रकम प्राप्त गर्ने क्रममा पछिल्लो समयमा युक्रेनले विभिन्न दाताहरुबाट १ अर्ब ७ करोड (१.७ बिलियन) अमेरिकी डलर बराबरको सहयोग प्राप्त गर्ने भएको छ ।

सो कुराको जानकारी युक्रेनका प्रधानमन्त्री डेनिस सिमहलले जानकारी दिएका छन् । प्रधानमन्त्री डेनिसले शनिबार युक्रेनले विभिन्न दाताहरुबाट सो रकम प्राप्त गर्न लागेको जानकारी दिएका हुन ।

सो रकम विश्वका विभिन्न दाता राष्ट्रहरुबाट प्राप्त हुन लागेको र विकास र पुनर्निर्माण सम्बन्धी अन्तर्राष्ट्रिय बैंकमार्फत् सो रकम प्राप्त हुने भएको पनि समाचारमा जनाइएको छ । विकास र पुनर्निर्माण सम्बन्धी अन्तर्राष्ट्रिय बैंक, अन्तर्राष्ट्रिय अमेरिकी सहयोग नियोग (यसएस एजेन्सी फर इन्टरनेशनल डेभलप्मेन्टमार्फत् सो सहयोग उपलब्ध हुने जानकारी दिइएको छ ।

यहाँका औषधिसम्बन्धी कार्यक्रम र अन्य पुनर्निर्माणका क्षेत्रमा यो सहायता रकमको उपयोग गरिने जानकारी प्रधानमन्त्री डेनिसले दिएका छन् । रुसको आक्रमणमा परेको युक्रेनले यही सन् २०२२ को अन्त्य सम्ममा करिब २० अर्ब अमेरिकी डलर बराबरको सहायता प्राप्त गर्ने योजना बनाएको यहाँका अर्थमन्त्रीले जानकारी दिएका छन् । अमेरिका, बेलायत, जर्मनीलगायतका पश्चिमा देशहरुले युक्रेनलाई सहयोग गर्ने बाचा पनि गरेका छन् ।



यसैबीच युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले थुप्रै देशका युक्रेनी राजदूतलाई बर्खास्त गरेका छन् । उनले जर्मनीका लागि स्पष्टवक्ता राजदूत लगायत विदेशमा रहेका थुप्रै दूतलाई बर्खास्त गरेको घोषणा गरेका हुन् ।

जेलेन्स्कीले भारत, चेक गणतन्त्र, नर्वे र हंगेरीका लागि युक्रेनका राजदूतलाई बर्खास्त गरिएको र उनीहरूको स्थानमा नयाँ पदपूर्ति गर्ने काम भइरहेको जानकारी दिएको छन् । साथै, उनले यो नियिमित परिवर्तन कूटनैतिक अभ्यासको सामान्य पाटो भएको एक विज्ञप्तिमार्फत बताएका छन् ।

बर्खास्त गरिएका ती राजदूतहरूलाई अन्य कुनै नयाँ कामका लागि नियुक्त गरिन्छ कि गरिँदैन भन्ने स्पष्ट भएको छैन । जेलेन्स्कीले आफ्ना कूटनीतिज्ञहरूलाई रुसी फौजको आक्रमण खेपिरहेको युक्रेनलाई अन्तर्राष्ट्रिय समर्थन र सैनिक सहयोगका लागि आवाज उठाउन आह्वान गरेका छन् ।

रुसको उर्जा आपूर्तिमाथि निर्भर रहनुपरेको तथा युरोपकै सबैभन्दा ठूलो अर्थतन्त्र भएको मुलुक जर्मनीसँग किभको सम्बन्ध विशेष रूपमा संवेदनशील छ । जेलेन्स्की भन्दा पहिलेका राष्ट्रपतिले सन् २०१४ को उत्तरार्धमा नियुक्त गरेका जर्मनीका लागि राजदूत एन्ड्रिय मेल्निक बर्लिनमा राजनीतिज्ञ र कूटनीतज्ञिहरूमाझ लोकप्रिय छन् । ४६ वर्षीय मेल्निक सामाजिक सञ्जालमा पनि सक्रिय रहने गरेका छन् ।

# आबेको निधनमा शोक व्यक्त गर्न अमेरिकी विदेशमन्त्री जापान जाँदै

**काठमाडौं/एजेन्सी-** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेको निधनमा समवेदना प्रकट गर्न सोमबार टोकियो जाने भएका छन् । पूर्वप्रधानमन्त्री आबेको मृत्युमा जापानी जनताप्रति शोक प्रकट गर्न विदेशमन्त्री ब्लिन्केनले जापानको भ्रमण गर्ने जनाउँदै विदेश मन्त्रालयले त्यहाँ रहँदा उनले जापानका उच्च अधिकारीहरूसँग पनि भेटवार्ता गर्ने बताएको छ ।

संयुक्त राज्य अमेरिका-जापान गठबन्धन एसिया-प्रशान्त क्षेत्रको शान्ति र स्थिरताका निम्ति आधारशिला भएको बताउँदै उक्त क्षेत्रमा अमेरिका-जापान गठबन्धन कहिल्यै सुदृढ हुन नसकेको अमेरिकी विदेश मन्त्रालयले स्वीकार गरेको छ । इन्डोनेसियाको बालीमा जी-२० का विदेश मन्त्रीहरूको बैठकमा भाग लिएर विदेशमन्त्री ब्लिन्केन थाइल्याण्डतर्फ प्रस्थान गरेका छन् ।


बाली बैठकको क्रममा उनले खाद्य र ऊर्जा असुरक्षा र युक्रेनविरुद्ध रूसको निरन्तर युद्धले अन्तर्राष्ट्रिय व्यवस्थामा परेको प्रतिकूल प्रभावलगायत विश्वव्यापी चुनौतीहरूको सामना गर्न अन्तर्राष्ट्रिय साझेदारहरूसँग काम गर्ने अमेरिकी प्रतिबद्धतालाई दोहोऱ्याएका थिए ।

बालीमा जी-२० को बैठकमा भागलिनुका अतिरिक्त उनले इन्डोनेसियाका विदेशमन्त्री रेत्नो मार्सुदीसँग द्विपक्षीय भेटवार्ता गरेका थिए । सोही क्रममा उनले जनवादी गणतन्त्र चीनको राज्य परिषद् सदस्य एवम् विदेश मन्त्री वाङ यीसँग पनि भेटवार्ता गरेका थिए। त्यस अवसरमा दुवै देशका विदेशमन्त्रीले विद्वेषपूर्ण अमेरिका-चीन सम्बन्धलाई सुदृढ बनाउने प्रयास गरेका थिए ।

“राजा रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो,
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।”

हार्दिक श्रद्धाञ्जली

जन्म मिति
वि.स. २००८ साउन ०४



स्वर्गारोहण मिति
२०७८ असार १६

स्व. धुर्व कुमारी बस्नेत

हाम्रा सहकर्मी मित्र यस **सेरमन ग्लोबल म्यामेजमेन्ट कन्सल्टेन्ट प्रा.लि.** मा कार्यरत **श्री बाबुराम बस्नेत**की ममतामयी आमा

**स्व. धुर्व कुमारी बस्नेत**

को असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि श्री पशुपतिनाथसंग प्रार्थना गर्दछौं ।

सेरमन ग्लोबल म्यामेजमेन्ट कन्सल्टेन्ट प्रा.लि.
परिवार

साउदीमा रोजगार

१. कम्पनी: KATKOTI FAST FOOD RESTAURANT शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८३०१८ L.T. No.: 266875

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 3 | 0 | स. काममा दक्ष | 1200 | ४०,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: CORNER AL SARH GENERAL CONTRACTING EST शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८३०१७ L.T. No.: 266874

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: ARAB ENTITY COMPANY FOR GENERAL CONTRACTING AND TRANSPORT शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८३०१९ L.T. No.: 266876

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 3 | 0 | स. काममा दक्ष | 1800 | ६०,६०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी: RASHA FAHD BIN FAHD AL-MUTAIRI FAST FOOD RESTAURANT शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८३०२० L.T. No.: 266877

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २ गते (18 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
अल-हरमैन एच.आर. प्रा. लि.
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

बहराइनमा रोजगारको अवसर

कम्पनी: MISS HIDD BEAUTY SALOON शहर: MANAMA
पुर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८३००६ L.T. No.:266797

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 3 | स. काममा दक्ष | 150 | ५०३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २ गते (18 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No 1061/073/74
Guideline Recruitment Service Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Tel.: 4389497/9822506451/ 9849036098/9808908328
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator !
Free Food | Transportation | Accommodation from Interview to Deployment!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित !
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात र आवास ।

रोजगारदाता कम्पनी नं. : (Employer Company) No. : FCI CONNECTORS MALAYSIA SDN BHD

| पूर्व स्वीकृत मितिः Pre Approval Date: | २०७९/०१/०९ | चलानी नं.: Invoice No.: | ६०१७८२८२ | एल टि नं.: L.T. No.: | 262057 | पून विज्ञापन |
|---|---|---|---|---|---|---|

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,२९६ | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया)को प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगार दाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति २०७९ साउन २ गते हुनेछ।
Interview will be held at IMR Office, Gwarko, Lalitpur on July 18, 2022.

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

अबैध भर्तीकर्ताहरुदेखि सावधान रहनुहोस् / Beware of Illegal Recruiters
कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध आईएमआरको स्वतन्त्र तेस्रो पक्ष हटलाइन नं ९७७ ९८०११३७७६९ मा वा ईमेल imr.grievance@gmail.com मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं ।
Feel free to report against fraud, illegal activities or corruption in IMR's Independent Third-Party Hotline +977 9801137769 or email at imr.grievance@gmail.com. We shall maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

License No. 309/059/060
International Manpower Recruitment (P) Ltd.
Gwarko 7, Lalitpur, Nepal, Tel.: 01-5204346, 5204347, 5204348
Mobile No.: +977 9801031586, 9818979632, 9802325733
For Location:

# बक्स अफिस समाचार

## ४३ जना श्रष्टा पुरस्कृत

**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलेविभिन्न विधाका ४३ जना श्रष्टालाई पुरस्कृत गरेको छ। काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा मन्त्रालयले आइतबार आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवा र संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री जीवनराम श्रेष्ठले पुरस्कृतश्रष्टाहरुलाई नगद पुरस्कारसहित सम्मान गरेका हुन्।



कार्यक्रममा प्रधानमन्त्री देउवाले भाषा, साहित्य, संस्कृति, संगीत एवं नाट्य विधा देशको सभ्यता र संस्कृतिको धरोहर रहेको बताउँदै श्रष्टाहरूलाई सम्मान गर्नु राष्ट्रिय दायित्व भएको बताए। उनले सम्मानबाट श्रष्टाहरुमा थप सिर्जनात्मक काम गर्न प्रेरणा मिल्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री जीवनराम श्रेष्ठले भाषा, साहित्य रसंस्कृतिको प्रवर्द्धनलाई सरकारले प्राथमिकतामा राखेको बताए। भाषा, साहित्य, संस्कृतिलगायत राष्ट्रिय जीवनका विभिन्नक्षेत्रमार्फत स्वदेश तथा विदेशमा नेपालको पहिचान विस्तारमा योगदान दिने मुर्धन्य श्रष्टाहरुको मन्त्रालयले सम्मान गरेको श्रेष्ठले बताए। मुलुकको प्रतिष्ठा उच्च बनाउन श्रष्टाबाट थप योगदान हुने विश्वास समेत उनको भनाइ छ।

समारोहमा राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार, महाकवि देवकोटा पुरस्कार, गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार, भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार र इतिहास शिरोमणी बाबुराम आचार्य राष्ट्रिय पुरस्कार वितरण गरिएको थियो। राष्ट्रिय प्रतिभा पुरस्कार अन्तर्गत साहित्य, संगीत नाट्य, संस्कृति र ललितकला विधामा पुरस्कार प्रदान गरिएको थियो।

राष्ट्रिय प्रतिभा पुरस्कारबाट सम्मानीत हुनेहरूमा सोमराज अभय, हरिवंश आचार्य, रमेश ढुङ्गेल, हेम पौडेल छन्। प्रादेशिक प्रतिभा पुरस्कार पाउनेहरुमा यज्ञेश्वर निरौला, अयोध्यानाथ चौधरी, हरिप्रसाद सिलवाल, बालकृष्ण अधिकारी, विष्णुबहादुर सिंह, बखतबहादुर थापा, गणेशराज जोशी लगायत छन्। महाकवि देवकोटा पुरस्कारबाट बेञ्जु शर्मा, राम विनय, पुस्करराज भट्ट, विजय चालिसे, आरडी प्रभास चटौतलाई सम्मानीत गरिएको थियो।

गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कारबाट अमरराज गिरीलाई सम्मानित गरिएको थियो भने इतिहास शिरोमणि बाबुराम आचार्य पुरस्कारबाट त्रिरत्न मानन्धर र भगत सर्वजित मानव मर्यादा पुरस्कारबाट लालबहादुर विश्वकर्मा र खगेन्द्र संग्रौलालाई सम्मान गरिएको थियो। पुरस्कार छनोटका लागि मन्त्रालयको कार्यविधिअनुसार छनोट मुल समिति गठन गरिएको थियो।

## दिप गुरुङको निर्देशनमा नवराज कौडालको 'तिमी सँग'

**काठमाडौं/मस-** गीतकार, रचनाकार तथा लेखक दुर्गानीधि कौडाल (नवराज) ले मनको बह पोख्न नपाएको कुरा गजलमार्फत 'तिमी सँग'को म्युजिक भिडियो बजारमा ल्याएका छन्। कौडालको रचना रहेको साथै निर्देशक दिप गुरुङद्वरा निर्देशित आधुनिक गजल 'तिमी सँग' बजारमा आएको हो। उक्त आधुनिक गजलमा डा. श्यामसुन्दर चौधरीको स्वर र संगीत रहेको छ।




उक्त गजलको अरेन्ज तथा रेकर्डिङ रविन दर्शनधारी अल्फा स्टुडियो छाउनीले गरेको छ भने यसको निर्माण निर्देशक दिप गुरुङले गरेका छन्। मधुर बस्नेतले छायांकन गरेको उक्त म्युजिक भिडियो चितवन, बुटवल र लुम्बिनीमा खिचिएको छ। गीतको सम्पादन भने मेख बहादुर थापाले गरेका हुन्। उक्त गीतको भिडियोमा लायोन जोशी र दिपशिखा गुरुङलाई देख्न सकिन्छ।

उक्त गीतको भिडियोले दर्शक तथा श्रोताको मन जित्नेमा निर्देशक गुरुङ विश्वस्त छन्। म्युजिक भिडियो दिप गुरुङको आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ।

काठमाडौंको टोखा नगरपालिका ३ घर भई हाल अध्ययनको शिलशिलामा साइप्रसमा रहेका कौडालले सांगीतिक क्षेत्रमा निरन्तर अघि बढ्दै छन्। यसअघि उनको रचनामा आधुनिक गजल ' भन्छन् नि दुनियाँले', रोईला गीत 'चलबुले' र लोक तथा आधुनिक गीत 'मर्म' बजारमा आइसकेको छ।

यसअघिको गीतलाई दर्शक तथा श्रोताले निकै मन पराएको कारणले आफुलाई गीत रचना गर्ने हौसला मिलेको गीतकार कौडालले बताए।

साइप्रसमा पढाइसँगै रोजगारीलाई पनि अगाडि बढाइरहेका कौडालले पढाइ र रोजगारीबाट निस्केको समय गीत रचना, पुस्तक लेखन, विभिन्न कार्यक्रममा भाग लिने तथा आफ्नो विषयमा तालिमहरु अनलाइनबाट प्रस्तुत गर्ने गरेका छन्।

कौडालले यसअघि नेपालमा हुँदा कक्षा ८, ९ र १० का लागि अंग्रेजी निबन्ध र व्याकरण, कक्षा ११ र १२ को अंग्रेजी सहायक र बिएड दोश्रो वर्षको इङ्लिस फर कम्युनिकेसन नामको पुस्तक समेत प्रकाशन गरिसकेका छन्।

कौडालले अंग्रेजी शिक्षण तालिम र विभिन्न परामर्शदाता कम्पनीमा परामर्शदाताको रुपमा अनुभव हासिल गरिसकेका छन्। कौडाल गीतकार, गजलकार, रचनाकार, लेखकका साथै पत्रकार पनि हुन्।

## हलो जोत्दै प्रदीप



**काठमाडौं/मस-** अभिनेता प्रदीप खड्का भन्नासाथ जोकोहीलाई उनको चकलेटी अनुहार र अभिनयको सम्झना आउँछ। प्रेमकथाका फिल्ममा चकलेटी लुक्स र अभिनयबाट दर्शकको मन जित्न सफल प्रदीप फिल्म 'प्रकाश'मा पहिलोपटक कर्णालीको जुम्लाको युवाको भूमिकामा देखिँदैछन्। यो फिल्म प्रदीपका लागि किन पनि भिन्न छ भने उनी फिल्ममा शिक्षक बन्ने सपना बोकेको गाउँले चरित्रमा देखिँदैछन्। फिल्म आगामी १० भदौमा रिलिज हुँदैछ।

फिल्म युनिटले आइतबार सार्वजनिक गरेको प्रदीपको दुई तस्वीरमा यो कुरालाई प्रष्ट्याएको छ। फिल्मका निर्देशक दिनेश राउत फिल्ममार्फत प्रदीपले आम नेपाली युवाहरुको प्रतिनिधित्व गर्ने दाबी गर्छन्। त्यही दाबीलाई पुष्टि गर्न उनका दुई तस्बिर सार्वजनिक गरिएको उनको भनाइ छ।

फस्टलुकमा अभिनेता प्रदीपलाई हलो जोतिरहेको देख्न सकिन्छ। उनले ट्राउजर र सर्ट लगाएका छन्। फिल्ममा प्रदिप खड्का, दिया मास्के, रेनु योगी, प्रकाश घिमिरे, निरज पन्थी, गोविन्द सुनुवार, रामबाबु रेग्मी, लोकेन्द्र लेखक, दिपेन्द्र शाहीलगायतका कलाकारको अभिनय रहेको छ।

बिनिस इन्टरटेनमेण्टको ब्यानरमा निर्माण भएको चलचित्रमा विकास सुवेदीको लेखन, राजेश श्रेष्ठको छायाँकन, जीवन थापाको सम्पादन, सुवास भुसाल, दिपक शर्मा, तारा प्रकाश लिम्बू र एलिस कार्कीको संगीत, उत्तम न्यौपानेको साउण्ड डिजाइन र शैलेश श्रेष्ठको पार्श्व संगीत रहेको छ। महेन्द्र अधिकारी निर्माता रहेको चलचित्रलाई आरआर फिल्मस्का रोहित कट्टेल र रत्न श्रेष्ठले वितरण गर्दैछन्।

## प्रेमको अन्तराल देखाउने 'प्रेमगन्ज'को 'समय'

**काठमाडौं/मस-** परिच्छेद सेनको डेब्यू निर्देशन रहेको फिल्म 'प्रेमगन्ज'को तेस्रो गीत 'समय' रिलिज भएको छ। गीतमा फिल्मका मुख्य कलाकार बेनिशा हमाल, तेज गिरी, राइडर प्रशन र सुप्रिया खनाल फिचर्ड छन्।

स्याड सैलीको गीत तेज गिरीको दृष्टिकोणबाट प्रस्तुत भएको छ। गीतले एउटा कालखण्डमा नजिक रहेका उनीहरू अर्को कालखण्डमा भेट हुँदाको परिस्थितिलाई प्रस्तुत गरेको छ।



निर्देशक परिच्छेद सेनका अनुसार फिल्ममा दुई कालखण्डको प्रेमकथा देख्न सकिन्छ। तेज र बेनिशाले युवा उमेरका मैनाराजाको भूमिकामा अभिनय गरेका छन भने प्रशन र सुप्रियाले टिनएजर मैनाराजाको भूमिका निर्वाह गरेका छन्।

पुरुषोत्तम ढुंगेलको शब्द तथा संगीत रहेको गीतलाई किरण भुसालले आवाज दिएका छन्। गीतको कोरियोग्राफी निर्देशक परिच्छेद स्वयंले गरेका हुन्।

अनन्तमान श्रेष्ठ कार्यकारी निर्माता रहेको फिल्मको लेखक पनि परिच्छेद सेन नै हुन। फिल्मको ट्रेलर साउन १० गते रिलिज हुँदैछ भने फिल्म भदौ ३ गते नेपाललगायत भारतका केही सहरमा एकसाथ प्रदर्शन हुँदैछ।

## अष्ट्रेलियाका चार सहरमा 'बद्रीबहादुर'

काठमाडौं/मस- निर्देशक शोभित बस्नेत निर्देशित फिल्म 'बद्रीबहादुर' नेपाल अघि अष्ट्रेलियामा प्रदर्शन गरिने भएको छ। फिल्मको आगामी ३० जुलाईमा सिड्नीलगायत चार सहरमा रिलिज गर्न लागिएको हो। फिल्म रिलिजकको लागि शोभित केही दिनअघि अष्ट्रेलिया उडेका थिए। फिल्मको सिड्नी रिलिजको चाँजोपाँजो मेगा इभेन्ट र रुक्सल प्रजापतिले मिलाएका हुन्।

सञ्चारकर्मी रवि अधिकारी कार्यकारी निर्माता रहेको फिल्ममा अभिनेत्री पूजा शर्मा र अभिनेता सलोन बस्नेत विशेष भूमिकामा रहेका छन्। फिल्ममा जय किसन बस्नेत, छुल्ठिम गुरुङ, राजिवजंग बस्नेत, धिरेन शाक्य र नवकलाकार एलिना गुरुङको अभिनय छ।

एबि पिक्चर्स फार्म र सलोन सलिना ब्यानरमा निर्माण भएको फिल्मका प्रस्तुतकर्ता विजय गोपाल दली हुन् भने निर्माता मिथुन भोटे रहेका छन्।

फिल्ममा टंक बुढाथोकी र उजन नेम्वाङको संगीत, रामकाजी घिमिरे लेखन, शिव विकको नृत्य निर्देशन, शंकर महर्जनको द्वन्द्व, विनोद सापकोटाको छायांकन तथा समिर मिया सम्पादन छ। कमेडी जनराको फिल्म काठमाडौं, लमजुङ, धरान र संखुवासभाको विभिन्न ठाउँमा छायांकन गरिएको हो।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०३/२७**

**सनलाइट क्याफे प्रा.लि**को मिति २०७७/१०/१३ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नटराज इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि.** (Natraj International Trading Pvt. Ltd.) **(प्रा. लि. नं.: २०१८०३**, कायम गर्ने गरी मिति २०७९/०३/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०३/२७

यस कम्पनीको मिति २०७८/१२/१७ मा सम्पन्न विशेष साधारण सभाको बमोजिम साविक कम्पनी **डि.एम. फाइनान्सियल एड्भाइजारी प्रा.लि. (प्रा.लि. नं. २७३९०७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिबर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/०५ को निर्णयानुसार कम्पनीको नाम परिबर्तन गरी **तुलै फाइनान्सियल एड्भाइजारी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### क्विकविल्ड प्रा.लि. को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६२/०२/०६ मा दर्ता भएको को **क्विकविल्ड प्रा.लि. (प्रा.लि. दर्ता नं. १३५३०४/०७१/०७२)** को मिति २०७९/०३/०२ गते बसेको विशेष साधारण सभले कम्पनी खारेज गर्न निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्वय भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय अनामनगर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिने छ।

**लिक्विडेटरः सुनिल रजौरे**
**इजाजत पत्र नं.: ३८९, फोन नं.: ९८१८०९७८५५**

### साउदीमा रोजगार

१. कम्पनी : SMART ARABIAN FOR EQUIMENT EST.
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०३/२४ — चलानी नं.: ६०१८२८९७ — LT. No.: 266741

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MANA BIN HAMAD BIN MOHAMMED AL YAMI FACTORY FOR INDUSTRY शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०३/२४ — चलानी नं.: ६०१८२९०० — LT. No.: 266976

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३३,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २ गते (18 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ७०६/०६४/०६५
बसुन्धरा चौकी, काठमाडौं, नेपाल, फोनः ४३९०६६९, ४३६३६९७
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com

### यूएईमा रोजगार

कम्पनीः ROYAL D H S SECURITY GUARD SERVICES L.L.C.
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/०१/२१ — चलानी नं.: ६०१७८८९७ — LT. No.:261696

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 49 | 0 | स. काममा दक्ष | 1200 | ४१,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २ गते (18 July 2022) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Success Nepal Worldwide Overseas Pvt. Ltd.**
Gov. Lic No. 1293/074/075
मिलनचोक-३१, मध्य बानेश्वर, काठमाडौं नेपाल Tel: 01-4109679
E-mail : successworldwidehr1@gmail.com
Web.: successnepalworldwide.com

### BAHARAIN मा रोजगार

कम्पनीः THIRA BEAUTY LOUNGE
शहरः MANAMA

पूर्व स्वीकृत मितिः २०७९/०३/३४ — चलानी नं.: ६०१८३०१२ — LT. No.: 267022

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ५०,३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdresser | 0 | 3 | | 150 | ५०,३३८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २ गते (18 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**टाईगर ओभरसिज इम्प्लोइमेन्ट प्रा. लि.**
Govt. Lic. No. 335/059/060
धुम्बाराही-४, प्रकाश मार्ग, काठमाडौं, फोनः ४५१८९९७। फ्याक्सः ४५४३१४४।
Email: info@tigeroverse.com.np | Web: www.tigeroverse.com.np

### Mauritius मा रोजगार

कम्पनीः CHINA JIANGSU CONSTRUCTION GROUP CORP.
शहरः Mauritius,Curepipe

पूर्व स्वीकृत मितिः २०७९/०२/०४ — चलानी नं.: ६०१७९३३७ — LT. No.:261730 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 16000 | ४४,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 2 | 0 | | 30000 | ८३,४०० | | | | | | | |
| 3. | Heavy Driver | 4 | 0 | | 18000 | ५०,०४० | | | | | | | |
| 4. | Mason | 20 | 0 | | 15500 | ४३,०९० | | | | | | | |
| 5. | Shuttering Carpenter | 20 | 0 | | 15500 | ४३,०९० | | | | | | | |
| 6. | Steel Fixer | 10 | 0 | | 15500 | ४३,०९० | | | | | | | |
| 7. | Tiler | 10 | 0 | | 15500 | ४३,०९० | | | | | | | |
| 8. | Tower Crane Operator | 2 | 0 | | 25000 | ६९,५०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २ गते (18 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**ह्वाईट हर्स ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं. ९६६/०६७/०६८
पो. ब. नं.: १३५४४, नयाँ बानेश्वर, काठमाडौं, फोनः ०१-४७८११०८, ०१-४७९२०४०
Email: wh.adm77487@gmail.com, Web: www.Whintlnepal.com

# रितले न्युजिल्याण्डमा क्रिकेट खेल्ने



**काठमाडौं/मस–** नेपाली यू-१९ राष्ट्रिय टोलीका पूर्व कप्तान तथा एपीएफको खेलाडी रित गौतमले न्युजिल्याण्डको घरेलु क्रिकेट प्रतियोगिता खेल्ने भएका छन् । रितलाई नेदरल्याण्डको क्लव गिजर सिटी क्रिकेट क्लबले घरेलु प्रतियोगिताका लागि अनुबन्ध गरेको छ । क्लबले सामाजिक संजालमार्फत रितलाई ६ महिनाका लागि अनुबन्ध गरेको जनाएको हो ।

न्युजिल्यान्डको क्लब गेजर सिटीले यु-१९ क्रिकेट टोलीको कप्तान रहिसकेका रितलाई अनुबन्ध गर्न पाउँदा उत्साहित भएको जनाएको छ । 'आगामी सिजनका लागि रितलाई स्वागत गर्न पाउँदा निकै उत्साहित छौं,' गेजर सिटीले आफ्नो फेसबुकमा लेखेको छ, ' हामी विश्वस्त छौं कि रित हाम्रा केही जुनियर खेलाडीहरूका लागि उत्कृष्ट रोल मोडेल हुनेछन् ।'

'म गिजरबाट खेल्ने पक्का भएको हो । न्युजिल्यान्डको प्रिमियर लेभलको क्रिकेट हो । ६ महिनाको सिजन हुन्छ । डिभिजन वान्, च्याम्पियनसिप र प्रिमियर सबैभन्दा माथिको स्तरको क्रिकेट हो', रितले भने ।

रित अभ्यासको क्रममा हाल दिल्लीमा छन् । अभ्यासको क्रममै केहि समय अघि उनीहरुले भारतीय क्रिकेट टोलीका ओपनर शिखर धवनसँग भेट समेत गरेका थिए ।

'यसमा न्युजिल्यान्डका ट्रेन्ट बोल्ट देखि सबै खेलाडीहरु खेल्छन् । यसमा पाँच वटा प्रतियोगिता छ । दुई वानडे, दुई टि२० र एक डे प्रतियोगिता हुन्छ । यस्मा राम्रो गर्नेहरुले प्रथम श्रेणीको प्रतियोगिता खेल्न पाउँछन्', रितले भने ।

रितले नेपालका लागि उमेर समूहको क्रिकेटमा दुई अन्तराष्ट्रिय शतक प्रहार गर्ने कीर्तिमान बनाएका छन् । सन् २०१९ मा रितले नेपालको यू-१९ टिमको कप्तानी गरेका थिए त्यही बेला सिंगापुरविरुद्ध शतक प्रहार गरेका थिए । त्यस्तै अर्को शतक यू -१६को प्रतियोगितामा म्यानमारविरुद्ध सन् २०१७ मा बनाएका थिए ।

## एन्फा कार्यसमिति बैठक

# साफ र एनएसएल मुख्य एजेण्डा



**काठमाडौं/मस–** अखिल नेपाल फुटबल संघ (एन्फा)को कार्यसमिति बैठक साउन पहिलो साता बस्ने भएको छ । एन्फा महासचिव किरण राईले कार्यसमिति बैठक २ साउन (सोमबार)मा बस्ने जानकारी दिए ।

राईका अनुसार बैठकको मुख्य एजेन्डा नेपालमा आयोजना हुने महिला साफ च्याम्पियनसिप र स्थगित नेपाल सुपर लिग (एनएसएल) रहेको छ । साथै असन्तुष्ट रहेका चार क्लब (थ्रीस्टार, मनाङ मर्स्याङ्दी, संकटा र न्युरोड टिम एनआरटी) र एन्फाको बैठकले प्रतियोगिता रद्द गर्न कार्यसमिति बैठकमा सिफारिस गर्ने निर्णय गरेको थियो ।

आइतबार नै एन्फाले एनएसएल आयोजक नेपाल स्पोर्टस् इभेन्ट एण्ड म्यानेजमेन्टसँग अनौपचारिक छलफल गरेको हो । छलफलमा मिलेर जाने र आगामी कार्यसमितिको बैठकले जेसुकै निर्णय गर्नसक्ने महासचिव राईले बताए ।

'उहाँहरूसँग अनौपचारिक छलफल भएको हो । हामीले २ साउनको कार्यसमितिले निर्णय लिन्छ भनेका छौं,' राईले भने । एन्फा मुख्यालयमा भएको भेटमा एनएसएलतर्फबाट निर्देशक श्रेयन्स कार्की र सिइओ सुदीप शर्माको उपस्थिति थियो । यता, एन्फाबाट अध्यक्ष पंकजविक्रम नेम्बाङ, वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्का (बच्चु) र महासचिव राई थिए ।

गत चैतमै हुनुपर्ने प्रतियोगिता विवादका कारण स्थगित छ । यद्यपि, अघिल्लो कार्यसमितिले प्रतियोगिता २१ भदौदेखि १० कात्तिकसम्म गर्न स्वीकृति दिएको छ । अब प्रतियोगिता हुने या नहुने अथवा कुन स्तरको हुने यसबारे आगामी बैठकले तय गर्नेछ । जुन बैठक ६ असारमा निर्वाचित पदाधिकारीको दोस्रो हुनेछ । महिला साफ नेपालमा आयोजना हुँदैछ । च्याम्पियनसिप आगामी भदौ १३ देखि २५ सम्म आयोजना हुनेछ । तर काठमाडौंमा आयोजना गर्ने की राजधानी बाहिर गर्ने भन्ने विषय टुंगो लागेको छैन । बैठकमा साफको भेन्युसहित आयोजक कमिटि गठनको विषयमा छलफल हुनेछ ।

कार्यसमिति बैठकमा एन्फाको सिईओ र प्रवक्ता नियुक्तिको विषयमा समेत छलफल हुनेछ । त्यस्तै ए डिभिजन लिगको बारेमा समेत बैठकमा एजेन्डाको विषय बनाइएको छ । पहिलो बैठकले किरण राईलाई महासचिव र रवीन्द्र जोशीलाई कोषाध्यक्ष नियुक्त गरेको थियो । त्यस्तै अन्तराष्ट्रिय सम्बन्ध प्रमुखमा नविन पाँडेलाई नियुक्त गरेको थियो ।

# नवौं राष्ट्रिय खेलकुदको कार्यकारी समितिले पूर्णता पायो



**काठमाडौं/मस–** नवौं राष्ट्रिय खेलकुद सञ्चालन निर्देशिकाको दफा ८ को १ मा व्यवस्था भए बमोजिम गठन भएको कार्यकारी समितिले पूर्णता पाएको छ ।

कार्यकारी समितिका संयोजक राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङले समितिमा मनोनित पदाधिकारीहरुलाई आइतबार मनोनयन पत्र हस्तान्तरण गरे ।

मनोनित हुनेमा सदस्यहरुमा राखेपका बोर्ड तथा कार्यकारी समितिका सदस्यद्वय एकेन्द्र कुँवर र नन्दा बस्याल, युवा तथा खेलकुद मन्त्रालयका खेलकुद महाशाखा प्रमुख लक्ष्मीप्रसाद भट्टराई, गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य-सचिव तेजबहादुर गुरुङ, प्रशासन विभागका प्रमुख मधुसुदन बस्नेत, तालिम तथा प्रशिक्षण विभागका निर्देशक अर्जुन विक, खेलकुद विकास विभागका प्रमुख वज्रबहादुर केसी, नेपाल खेलकुद विज्ञान प्रतिष्ठानका निर्देशक संगमसिंह थापा, राष्ट्रिय टिम तयारीका निर्देशक महेन्द्रकुमार राई र खेलकुद प्रतियोगिता तथा योजना विभागका प्रमुख मीनकुमार शर्मा रहेका छन् ।

कार्यकारी समितिको सदस्य-सचिवको जिम्मेवारी प्रचार प्रसार शाखाका प्रमुख फणिन्द्र पौड्यालले पाएका छन् । पौड्यालले नवौं राष्ट्रिय खेलकुद सचिवालय प्रमुखको जिम्मेवारी समेत पाएका छन् ।

मनोनयन पत्र हस्तान्तरणपछि बसेको बैठकमा सदस्य-सचिव घिसिङले मनोनित हुने पदाधिकारीलाई राष्ट्रिय पर्वका रुपमा रहेको बृहत खेलुकदलाई भव्य र सफलतापूर्वक सम्पन्न गर्न एकजुट भएर अगाडि बढ्न निर्देशन दिदै पाएको जिम्मवेरीलाई पूरा गर्न सबै कटिबद्ध भएर अगाडि बढ्नु पर्नेमा जोड दिए ।



# रुबाकिनालाई विम्बल्डन टेनिसको उपाधि

कजाकिस्तानकी एलेना रुबाकिनाले शनिबार ट्युनेसियाकी ओन्स जाबेउरलाई ३-६, ६-२, ६-२ ले हराउँदै विम्बल्डन टेनिसको उपाधि जितेकी छिन् । यससँगै ग्रान्डस्लाम महिला एकल प्रतिस्पर्धामा उपाधि जित्ने कजाकिस्तानको पहिलो टेनिस खेलाडी बनेकी छिन् । रुसको मस्कोमा जन्मिएकी २३ वर्षीया रुबाकिनाले २०१८ देखी कजाकिस्तानबाट खेल्दै आएकी छिन् । काजकिस्तानले रुबाकिनालाई टेनिस करियरमा अघि बढाउन आर्थिक साहयोग गर्ने प्रस्ताव गरेको थियो । विम्बल्डन आयोजक अल इङ्ल्यान्ड क्लबले रुसका खेलाडीलाई प्रतियोगितामा प्रतिबन्ध लगाएको थियो । त्यसकारण रुबाकिना मस्कोमा जन्मिएको कुराले चर्चा पाएको हो ।

रुबाकिना र जाबेउर दुबै पहिलोपटक ग्रान्डस्लामको फाइनल खेल्दैथिए । जुन विम्बल्डनमा १९६२ पछि पहिलो पटक सम्भव भएको हो ।

रुबाकिना २३औं वरीयताप्राप्त खेलाडी हुन् । डब्लुटीएले १९७५ बाट वरीयताको सुरुआत गरेपछि रुबाकिनाभन्दा तल्लो वरीयताका एक खेलाडीले मात्र विम्बल्डनको उपाधि जितेका छन् । भेनस विलियम्सले २००७ मा ३१औं वरीयता हुँदा उपाधि जितेकी थिइन् ।

# लक्ष्मण र लक्ष्मीलाई अपहिलको उपाधि




**काठमाडौं/मस–** लक्ष्मण मल्ल र लक्ष्मी मगरले 'माउन्टेन बाइक अपहिल च्यालेन्ज सिरिज २०२२' को उपाधि जितेका छन् ।

सात चरणमा सम्पन्न भएको प्रतियोगिताको एलिट पुरुष विधामा लक्ष्मणले सुरज राना मगर र कुमार तामाङलाई पराजित गरे । लक्ष्मणले १४५० अंक प्राप्त गर्दा दोस्रो भएका सुरजले ९४० अंक तथा तेस्रो स्थान प्राप्त गरेका कुमार तामाङले ८७० अंक पाए ।

महिला तर्फको एलिट विधामा लक्ष्मीले १४०० अंक सहित प्रथम स्थान हासिल गरिन् । १३५० अंक पाएकी उषा खनाल दोस्रो हुँदा इन्द्रकुमारी तामाङले तेस्रो स्थान हासिल गरिन् ।

दुबै विधामा विजेता, उपविजेता र तेस्रो स्थान हासिल गर्ने खेलाडीले क्रमशः २५ हजार, २० हजार र १५ हजार नगल पुरस्कार प्राप्त गरे ।

गत जनवरी ८ बाट सुरु भएको प्रतियोगिताको समापन आइतबार बालुवाटार स्थित ढुकु फुटसल हबमा भएको थियो ।

२५० भन्दा बढि स्वदेशी तथा विदेशी साइकल राइडर सहभागी प्रतियोगिता पाँच विधाका विभिन्न १३ उमेर समुहमा आयोजना भएको थियो ।

प्रतियोगिताको हरेक सात संस्करणलाई सात वटा फरक फरक व्यवसायीक साईक्लीङ संस्थाले आयोजना गरेका थिए । जसमा ट्रेक बाइक नेपाल, हिमालयन सिंगल ट्र्याक, एमटीबी कग्स, इपिक माउन्टेन बाइक, लक्ष्मी साइकल सेन्टर, प्याङ्क बाइक र ट्यापआउट फिटनेश तथा ढुकु स्पोर्ट्स हव रहेका थिए ।

यस्तै, जुनियर पुरुष तर्फ राहुल वाईवा पहिलो, हिमान उपाध्याय दोस्रो तथा तेस्रो स्थान हासिल गरेका सुसिम चित्राकारले क्रमशः २०, १५ र १० हजार पुरस्कार प्राप्त गरे ।

प्रतियोगिताको युथ (१२) तर्फ पूर्णराज तामाङ विजयी भए । मास्टर पुरुष तर्फ टेलर हिवर्व, मास्टर महिला तर्फ गोगी ग्रेवल, भेट्रान (५० माथि) ड्यानियल डेनेस, ग्रान्डमास्टर पुरुष तर्फ पेम्बा शेर्पा, ग्रान्डमास्टर महिला तर्फ निभा श्रेष्ठ र सिनियर पुरुष तर्फ स्टेफन जेम्स किलिङ विजयी भए ।

सात चरणसम्म चलेको प्रतियोगिताका विजेतालाई नेपाल साइक्लिङ संघका पूर्व अध्यक्ष छिमि उर्गेन गुरुङले पुरस्कृत गरे ।

सिरिजका आयोजक एवं राष्ट्रिय साईक्लिङ टोलीका प्रशिक्षक प्रयास तामाङले प्रतियोगितामा नेपालको साइक्लिङ समुदायको उत्साहजनक सहभागिता रहेकोले आगामि दिनमा अझै भव्य र परिस्कृत ढंगले अगाडि बढ्ने बताए ।

# सुजितलाई तीन स्वर्ण

**काठमाडौं/मस–** बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिताको एथलेटिक्समा चितवनका सुजितकुमार महतोले आइतबार तीन स्वर्ण जितेका छन् । सुजितले छात्र १ सय मिटर दौड, लङजम्प र ४ गुणा ४ सय मिटर रिलेमा स्वर्ण जितेका हुन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको प्रतियोगिताको १ सय मिटर दौडको छात्रामा काभ्रेकी पूर्णिमा श्रेष्ठ, ४ सय मिटर दौडको छात्रमा चितवनका सुदिप महतो र छात्रामा काभ्रेकी देवकी गिरी, १ हजार ५ सय मिटर दौडको छात्रमा सिन्धुपाल्चोकका टीकाराम लोप्चन र छात्रामा सिन्धुपाल्चोककै अस्मिता भुजेल तथा सटपुटको छात्रमा चितवनका दीपेश महतो र छात्रामा काभ्रेकी बन्दना दनुवारले स्वर्ण जिते ।

प्रतियोगिताको बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले एक कार्यक्रमबीच उद्घाटन गरे । सो अवसरमा बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्न ढकाल, संघीय सांसद तुलसा थापा, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष शिव कोइराला, राखेपका सदस्य-सचिव टंकलाल घिसिङ, आयोजक बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारीलगायतको उपस्थिति थियो । प्रतियोगितामा एथलेटिक्ससहित भलिबल, कराते, तेक्वान्दो, उसु र कबड्डी गरी ६ खेल समावेश छन् ।

**प्रिसियस एड्भेन्चर्स प्रा.लि. र ट्रेक टु साग्रिला प्रा.लि.को हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको प्रिसियस एड्भेन्चर्स प्रा.लि. (प्रा.लि. नं. १७०८५३) को मिति २०७९/०२/२२ गतेको विशेष साधारणसभाको बैठकले प्रिसियस एड्भेन्चर्स प्रा.लि. लाई गाभ्ने निर्ण अनुसार र ट्रेक टु साग्रिला प्रा.लि. (प्रा.लि. नं. १७०८५१) को मिति २०७९/०२/२१ गतेको विशेष साधारणसभाको बैठकले ट्रेक टु साग्रिला प्रा.लि.लाई प्रिसियस एड्भेन्चर्स प्रा.लि. मा गाभिने निर्णय अनुसार दुवै कम्पनीको मिति २०७९/०२/२७ को संयुक्त बैठकको निर्णय भए बमोजिम प्रिसियस एड्भेन्चर्स प्रा.लि. लाई मा ट्रेक टु साग्रिला प्रा.लि. लाई गाभ्ने गाभिने कार्यलाई कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/०९ गतेको निर्णय अनुसार स्वीकृति भए अनुरुप कम्पनी गाभ्ने गाभिने कार्य हएको हुदा कम्पनीसँग कोही कसैको लेन देन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा यस कम्पनी जवाफदेही हुने छैन । फोन नं.: ९८४१४६०१३८, ९८०३३५७४७३

# महिला युरो : समूह 'सी'का दुबै खेल बराबरी

**काठमाडौं/एजेन्सी–** महिला युरोपियन च्याम्पियनसिप २०२२ अन्तर्गत शनिबार राति भएका समूह 'सी' का दुबै खेल बराबरीमा टुङ्गिएका छन् । समूह 'सी' को पहिलो खेलमा साविक विजेता नेदरल्यान्ड्स स्विडेनसँग १-१ को तथा पोचुर्गल स्विट्जरल्यान्डसँग २-२ को बराबरी खेले ।

शनिबारको पहिलो खेलमा पोर्चुगलविरुद्ध स्विट्जरल्यान्डले खेलको दोस्रो मिनेटमा नै अग्रता लिएको थियो । स्विट्जरल्यान्डका कोउम्बा स्वले गोल गर्दै अग्रता दिलाएकी थिइन् । यस्तै, पाँचौ मिनेटमा राहेल किविचले गोल गर्दै स्विट्जरल्यान्डको अग्रता दोब्बर पारिन् ।

तर, पहिलो हाफको २-० को अग्रता जोगाउन नसक्दा स्विट्जरल्यान्ड अंक बाढ्न बाध्य बन्यो । खेलको ५८औं मिनेटमा गिएना गोमेजले गोल गर्दै पोर्चुगललाई २-१ को अवस्थामा फर्काइन् । यसपछि ६५औं मिनेटमा जेसिका सिल्भाले गोल गरेपछि खेल २-२ को बराबरीमा टुङ्गियो ।

दोस्रो खेलमा भने साविक विजेता नेदरल्यान्ड्सविरुद्ध स्वीडेनले अग्रता लिएको थियो । स्वीडेनकी जोना एन्डरसनले ३६औं मिनेटमा गोल गर्दै टिमलाई अग्रता दिलाएकी थिइन् । तर, ५२ औं मिनेटमा जिल रुर्डले गोल गर्दै नेदरल्यान्ड्सलाई बराबरीमा फर्काइन् । बराबरीमा रोकिएसँगै समूहका सबै टिमले समान एक अंक जोडेका छन् ।

**साउदीमा रोजगार** | १. कम्पनी : AL SULTAN DRESS TAILORING SHOP
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०३/२१ चलानी नं.: ६०१८३०१६ L.T. No.: 266722

| सि. नं. | कामदारको पद | माग संख्या |  | न्यूनतम योग्यता | मासिक तलब |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला |  | SR | ने. रु. |  |  |  |  |  |  |  |
| 1. | Tailor | 1 | 0 | स. काममा दक्ष | 1500 | ५०,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

२. कम्पनी : ABDULLAH MOHAMMED ABDULLAH AL RAWDAN RESTAURANT TO SERVE MEAL शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८३०१५ L.T. No.: 266828

| सि. नं. | कामदारको पद | माग संख्या |  | न्यूनतम योग्यता | मासिक तलब |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला |  | SR | ने. रु. |  |  |  |  |  |  |  |
| 1. | Loading Unloading Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ साउन २ गते (18 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

गो.द.का.द.नं. ३३/०६९/०७०

२७ असार २०७९, सोमबार
11 July 2022, Monday

# संघीयता कार्यान्वयनसँगै गाउँगाउँमा सरकार पुगेको छ : अर्थमन्त्री साह

आगामी आर्थिक वर्ष २०७९/८० को बजेटले मधेस प्रदेशको अर्थतन्त्रलाई सकारात्मक दिशामा लैजाने लक्ष्य राखेको छ । कृषि, पर्यटक क्षेत्रको प्रवर्द्धन गरी प्रदेशको आर्थिक वृद्धिदर ४ दशमलव ८ प्रतिशतमा पुऱ्याउने र प्रदेशलाई समृद्ध बनाउने परिकल्पना गरेको छ । यसै सन्दर्भमा बजेटमा समेटिएका विषयवस्तु, प्राथमिकता र कार्यान्वयनमा देखिन सकिने चुनौतीलगायतका विषयमा राष्ट्रिय समाचार समिति (रासस) का संवाददाता **रमेश लम्साल**को संयोजनमा मधेस प्रदेश कार्यालय जनकपुरधामका निमित्त प्रमुख **राजु विश्वकर्मा**ले मधेस प्रदेश सरकारका अर्थमन्त्री **शैलेन्द्रप्रसाद साह**सँग गरेको गरेको कुराकानीको सम्पादित अंश :

**आगामी आव २०७९/८० का लागि मधेस प्रदेश सरकारका तर्फबाट प्रस्तुत भएको बजेटमा खासगरी नयाँ विषय केकस्ता समावेश गर्नुभएको छ ? ती विषयले यस प्रदेशका नागरिकको अपेक्षालाई सम्बोधन गर्न सक्छ भन्ने तपाइलाई लाग्छ ?**

समुन्नत र समृद्ध मधेसका लागि हामीले केन्द्रमा राख्ने भनेको जनसंख्याको लाभ र प्रदेशको उर्वर भूमिको सदुपयोग नै हो । यी सँगै उद्यमशीलता विकास, लगानी अभिवृद्धि र सेवा व्यवसायको प्रवर्द्धनबाट आठ प्रतिशत आर्थिक वृद्धि गर्ने बजेट परिलक्षित छ । यसले गरिबी न्यूनीकरण गरी नागरिकको समृद्धिमार्फत अपेक्षाको सम्बोधन हुने कुरामा म विश्वस्त छु ।

मानवीय क्षमता विकास, लगानी प्रवर्द्धनमार्फत उद्यमशीलता विकास र रोजगारी अभिवृद्धि गरी गरिबी न्यूनीकरण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी अभिवृद्धि गरी नागरिकको जीवनस्तरमा सुधार, कृषिजन्य पैदावारको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि र विविधीकरण गरी कृषि उत्पादनमा आत्मनिर्भर हुने विषय समेटिएको छ । यस्तै भौतिक पूर्वाधार निर्माण गरी लगानी आकर्षण गर्नुका साथै नारिकको जीवनस्तरमा सुधार ल्याउने, कानुनमा समयसापेक्ष परिमार्जन, आधुनिक प्रविधिको प्रयोग र संस्थागत सुदृढीकरणमार्फत सार्वजनिक सेवा प्रवाह प्रवाहलाई थप प्रभावकारी र जनमुखी बनाउने भनेका छौँ ।

**गत आव र चालु आवको बजेट कार्यान्वयनको गति हेर्दा, अपेक्षित सफलता हासिल हुन सकेको छैन ? चार वर्षमा पनि किन प्रदेश सरकारले आर्थिक विकासमा लय समात्न नसकेको होला ?**

हो, बजेट कार्यान्वयनमा समस्या छ । प्रादेशिक शासनको अभ्यास देशकै लागि नौलो हो । गत चार वर्षयता संघीयता संस्थागत हुने क्रममा छ । सुदृढ बन्न अझै समय लाग्छ । प्रदेश सरकारसँग जनशक्ति र साधन स्रोतको अभाव छ । संघीय कानून नबन्दा प्रदेशका केही अत्यावश्यक र महत्वपूर्ण ऐन कार्यान्वयन हुन सकिरहेका छैनन् । थप ऐन बनाउन मुस्किल भइरहेको छ । प्रदेशको एकल अधिकार क्षेत्रमा हस्तक्षेप भइरहेको छ । संघ र प्रदेशका साझा अधिकारमा अलमल छ । प्रदेश र स्थानीय तहबीच समन्वयमा कठिनाइ छ । यसले गर्दा पनि योजना कार्यान्वयनमा समस्या उत्पन्न भएका छन् । तर हामी वित्तीय अनुशासनभित्र रहेर बजेट कार्यान्वयन होस् भन्ने प्रयासमा छौँ । बजेट व्यवस्थापन गर्न प्रदेश अर्थ मन्त्रालयले तत्परता देखाएको छ । विधि र प्रक्रियाको सरलीकरणमार्फत समयभित्र योजना सम्पन्न गराउने कामले मूर्तता पाउँदैछ ।



शैलेन्द्रप्रसाद साह
अर्थमन्त्री
मधेस प्रदेश सरकार

**मन्त्री र नेताहरुको निर्वाचन क्षेत्रमा बजेट बढी केन्द्रित गरेकाले कार्यान्वयनमा चुनौती आउनसक्ने प्रतिपक्षी दलले आरोप लगाएका छन् ? साँच्चिकै बजेट कार्यान्वयनमा चुनौती आउन सक्छ ?**

मन्त्री र नेताका क्षेत्रमा बढी बजेट विनियोजन भएको भन्ने कुरा गलत र भ्रामक हो । बजेट बनाउने केही आधार र मापदण्ड हुन्छन् । मागदर्शक सिद्धान्त, विधि र प्रक्रियाको परिधिमा रहेर योजनातर्जुमा तथा बजेट व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

कनिका झैँ बजेट छर्ने प्रवृत्ति निरुत्साहित हुँदा पनि कुनै खास जिल्लामा कम बजेट गएको अनुभूति हुन सक्छ । तर प्रदेश सरकार आवश्यकता र औचित्यका आधारमा जुनसुकै योजनाका लागि स्रोत सुनिश्चत गर्न तयार छ ।

**चालु आवमा समेटिएका धेरै विषय कार्यान्वयन भएनन् भन्ने जनगुनासो छ ? सरकारी संयन्त्रको असफलता हो कि हाम्रो प्रणालीमै कहीँकतै समस्या पो हो कि ?**

स्रोत सुनिश्चित हुँदाहुँदै पनि खर्च गर्न नसक्नेहरूबाट बजेट सरेन्डर गराएर अघि बढ्न सकिन्छ कि भन्ने विकल्पमा पनि विचार हुँदैछ । जुनसुकै कारणले भए पनि बजेट थन्कनुभन्दा आवश्यक आयोजनामा खर्च गर्न सकिन्छ भनेर नै हामीले विचार गरेका हौँ ।

रकमान्तर भएको सही प्रयोजनमा खर्च होस् भनेर हामीले निकै कडाइ गरेका छौँ । असारको अन्त्यमा हतारमा विकास बजेट खर्च हुने सिलसिला रोकिएको छैन । सार्वजनिक खरिद ऐनका केही प्रावधानका कारण ठेक्का दिने प्रक्रिया निकै जटिल बनेको छ । त्यसमा पनि सुधार आउनुपर्नेछ । यसको अर्थ प्रक्रिया नपुऱ्याई र बिनाप्रतिस्पर्धा ठेक्का दिने भन्ने होइन । साथै खर्च बढाउन कर्मचारी र निर्माण व्यवसायी दुवैको क्षमता अभिवृद्धि गर्न जरुरी छ । असारे विकासको विकल्पसमेत भनेर ल्याइएको बहुवर्षीय योजना कार्यान्वयनमा तीव्रता ल्याइनुपर्छ ।

**समग्रमा हेर्दा मधेस प्रदेश सरकारको खर्च गर्ने क्षमता असाध्यै कमजोर देखिएको छ ? किन खर्च बढ्न नसकेको हो ?**

सरकारसँग उपलब्ध संयन्त्र र जनशक्ति अभाव, कानुनी जटिलता तथा निर्माण व्यवसायीको हेलचक्र्याइँका कारण पनि पुँजीगत खर्च हुन सकिरहेको छैन । तर प्रदेश सरकार यी समस्या समाधानका लागि गम्भीरतापूर्वक अघि बढेको छ । यसपालिबाट निश्चित समयभित्रमै काम सम्पन्न हुने स्थिति सिर्जना हुन्छ ।

**प्रदेश सरकारको स्थायी संरचना बनाउने भन्दै बजेट विनियोजन गर्नुभएको छ ? कहाँ बन्छ त्यो संरचना ? जग्गा खोजी गरेको छ सरकारले ? त्यसका प्रक्रियाका बारेमा केही बताइदिनुस् ? अनि चार वर्षसम्म त्यो काम बढाउन नसकेकामा पछुतो छैन तपाईलाई ?**

सरकारले संरचना निर्माणका लागि बजेट पनि विनियोजन गरेको छ । केही महिनाअघि स्थायी संरचना निर्माणका लागि जग्गा छनोटलगायतका कार्यका लागि मन्त्रिस्तरीय समिति बनेको थियो । त्यो समितिले सरकारलाई आफ्नो सुझावसहितको अध्ययन प्रतिवेदन बुझाइसकेको छ । समितिले हाल मधेस प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायहरु रहेको जनकपुरधामस्थित जनकपुर चुरोट कारखाना परिसरमै स्थायी संरचना बनाउँदा उपयुक्त हुने सुझावसहितको प्रतिवेदन आइसकेकाले डिपिआर तयार पारेर सरकारले स्थायी संरचना निर्माणको काम अघि बढाउँछ ।

**प्रदेश सरकार बनेपछि तराई–मधेसका जनताको जीवनस्तरमा के कस्ता सुधारहरु आए भन्ने ठान्नुहुन्छ ? नागरिकस्तरमा उल्लेख्यरूपमा उत्साह देखिन सकेन भन्ने छ ? त्यस्तै हो र ?**

संघीयता कार्यान्वयन भएसँगै गाउँगाउँमा सरकार पुगेको छ । जनताले हरेक सुविधा आफ्ना गाउँबाटै पाउन थालेका छन् । प्रदेश सरकारले पनि जनताको जीवनस्तरमा परिवर्तन ल्याउने, आर्थिक वृद्धिदरमा सुधार गर्दै विकास र समृद्धिको यात्रा तय गर्ने योजनाहरुलाई महत्वका साथ अघि बढाएको छ । विगतको भन्दा यहाँका नागरिकहरुको जीवनमा सुधार हुन थालेको छ ।

**संघीय सरकारले उपलब्ध गराउने अनुदानका भरमा मात्रै हालसम्म प्रदेश सरकारहरु चल्ने अवस्था छ ? त्यसलाई क्रमशः कम गर्दै आत्मनिर्भर बन्नेतर्फ केही नयाा कार्यक्रम अगाडि सार्दै हुनुहन्छ ?**

प्रदेशको समृद्धिको मुख्य आधार नै कृषि, पर्यटन, वन, उद्योग नै हो । त्यसैले हामी यी क्षेत्रलाई प्राथमिकतामा राखेर नयाँ कार्यक्रमहरु ल्याएका छौँ । हामीले मानवीय क्षमता विकास, लगानी प्रवर्द्धनमार्फत उद्यमशीलता विकास र रोजगारी अभिवृद्धि गरी गरिबी न्यूनीकरण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी अभिवृद्धि गरी नागरिकको जीवनस्तरमा सुधार, कृषिजन्य पैदावारको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि र विविधीकरण गरी कृषि उत्पादनमा आत्मनिर्भर हुने, भौतिक पूर्वाधारहरू निर्माण गरी लगानी आकर्षण गर्नुका साथै नागरिकको जीवनस्तरमा सुधार ल्याउने, कानुनमा समयसापेक्ष परिमार्जन, आधुनिक प्रविधिको प्रयोग र संस्थागत सुदृढीकरणमार्फत सार्वजनिक सेवा प्रवाह प्रवाहलाई थप प्रभावकारी र जनमुखी बनाउने दिशामा सरकार अघि बढेको छ ।

## सगरमाथा इन्स्योरेन्सद्वारा १२ करोड बीमा दावी भुक्तानी




**काठमाडौं/मस** – सगरमाथा इन्स्योरेन्स कम्पनीले १२ करोड ३ लाख ९ हजार ३५२ रुपैयाँ बराबरको बीमा दावी भुक्तानी गरेको छ । इन्स्योरेन्सले बाढी पहिरोको कारणले भएको क्षति अन्तर्गत मादी पावरलाई उक्त रकम भुक्तानी गरको हो । सगरमाथा इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्रीले मादी पावरका जनरल म्यानेजर विइ जुनचाओलाई सो रकम बराबरको चेक प्रदान गरे । साथै, इन्स्योरेन्सले यो आर्थिक वर्ष २०७८/७९ भित्रै एक अर्ब ५३ करोड रुपैयाँ बराबरको दावी भुक्तानी गरिसकेको छ ।

## भारत निर्यात हुनथाल्यो 'तानसेन' सिमेन्ट



**काठमाडौं/मस** – नेपाली सिमेन्ट भारत निकासी हुन थालेको छ । नेपाल सिमेन्टमा आत्मनिर्भर भएको घोषणा गरेका सिमेन्ट उद्योगीले भारतमा निर्यात गर्न थालेका हुन । पहिलो चरणमा पाल्पा सिमेन्ट इन्डस्ट्रिजले नेपाली सिमेन्ट भारत निर्यात गरेको हो । शुक्रबार एक समारोह गर्दै पाल्पा सिमेन्टले 'तानसेन' ब्रान्डको सिमेन्ट भारततर्फ निकासी गर्न औपचारिक शुभारम्भ गरेको हो । कम्पनीले पहिलो दिनमा नै तीन ट्रक सिमेन्ट निर्यात भएको जनाएको छ ।

पाल्पा सिमेन्ट इन्डष्ट्रिजले दैनिक करिब ३ हजार टन सिमेन्ट उत्पादन गर्दै आएको छ । ५ वर्ष अगाडी स्थापना भएको पाल्पा सिमेन्ट उद्योगले तीन वर्ष यता सिमेन्ट उत्पादन गर्दै आएको छ । सिमेन्ट उत्पादक संघको तथ्यांक अनुसार नेपालमा ५० भन्दा धेरै सिमेन्ट उद्योग सञ्चालनमा छन । तीमध्ये करिब १५ वटाले सिमेन्ट र क्लिंकर दुवै उत्पादन गर्दै आएका छन । यी सिमेन्ट उद्योगको वार्षिक उत्पादन क्षमता झण्डै २ करोड २० लाख टन जति रहेको अनुमान छ ।

उत्पादनको मात्रा हालको आन्तरिक मागभन्दा बढी जस्तो छ । सरकारले २०७२ को भूकम्पपछि पुनर्निर्माणका कामलाई तीव्रता दिँदा पछिल्ला केही वर्षमा सिमेन्ट उद्योगले तीव्र व्यापार गरे जस्तो थियो । विगत सात वर्षमा भूकम्पबाट क्षति भएका पाँच लाखभन्दा बढी निजी घर र हजारौं विद्यालय भवन, सम्पदा स्थल, स्वास्थ्य चौकी र अन्य संरचनाको पुनर्निर्माण गरिएको छ । सरकारले आगामी आर्थिक वर्षको बजेटमा निर्यातमा ८ प्रतिशत नगद अनुदान दिने र वार्षिक १० करोड बढीको विद्युत खपत गर्ने उद्योगलाई २ देखि १५ प्रतिशतसम्म महसुलमा छुट दिने घोषणा गरेको थियो । निर्यात र विद्युत महसुलमा छुट पाउने भएपछि उद्योगीहरु उत्साहित भएका छन् । सरकारको उक्त छुटसँगै पाल्पा सिमेन्ट पछि जगदम्बा, सर्वोत्तम, सौर्य, अर्घाखाँचीलगायत सिमेन्ट उद्योग पनि निर्यातको तयारीमा छन् ।

## १३ हजार बढी व्यापारी कालो सूचीमा




**काठमाडौं/मस** – बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको साँवा तथा ब्याज तोकिएको समयमै भुक्तानी नगरेका कारण कालो सूचीमा पर्ने व्यापारीको संख्या वर्षेनी बढ्दो छ । चालू आर्थिक वर्ष २०७८/७९ मा मात्र कालोसूचीमा पर्नेको संख्या १३ हजार नाघेको छ । कर्जा सूचना केन्द्रका अनुसार चालू आवको २३ असारसम्ममा कालो सूचीमा पर्नेको संख्या १३ हजार ६४८ पुगेको छ ।

केन्द्रकाअनुसार व्यक्ति, व्यापारिक फर्म, उद्योगसमेत गत आर्थिक वर्ष २०७७/७८ भरमा जम्मा ४ हजार ८८२ कालोसूचीमा परेका थिए । गत आवको तुलनामा चालू आवमा कालो सूचीमा पर्नेको संख्या करिब १८० प्रतिशतले बढेको छ ।

## मौद्रिक नीतिका लागि रायसुझाव माग

**काठमाडौं/मस** – नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिका लागि रायसुझाव माग गरेको छ । नेपाल राष्ट्र बैंक ऐन २०५८ मा भएको व्यवस्थाअनुसार बैंकले आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीति सार्वजनिक गर्नका लागि सम्बन्धित सरोकारवालासँग राय सुझाव माग गरेको हो । उक्त ऐनको परिच्छेद-५ को दफा ४४ ले मौद्रिक नीति निर्माण तथा कार्यान्वयन गर्ने पूर्ण अधिकार राष्ट्र बैंकलाई दिएको छ ।

राष्ट्र बैंकको आर्थिक अनुसन्धान विभागले आफ्नो इमेलमा रायसुझाव उपलब्ध गराउन सूचित गरेको छ । राष्ट्र बैंकले यसअघि आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीति २०७८ साउन २९ गते सार्वजनिक गरेको थियो । सामान्यतया बजेट पेश भएको एक महिनापछि मौद्रिक नीति सार्वजनिक गर्ने गरिन्छ । आर्थिक वर्ष २०७९/८० को बजेट जेठ १५ गते संघीय संसदमा पेश भएको थियो ।

मौद्रिक नीतिमा अल्पकालीन कर्जाको ब्याजदर, मुद्रा आपूर्ति, मुद्रास्फीति नियन्त्रण गर्ने तथा मुद्राको स्थायित्व कायम गर्ने र राष्ट्रको मुद्रामा विश्वास कायम गराउन लक्ष्य लिने नीति हो । कुनै पनि मुलुकको मौद्रिक नीति त्यस देशको केन्द्रीय बैंकले निर्माण गर्छ । अर्थतन्त्रमा मुद्रा प्रदायकको स्तर कति रहनुपर्छ र त्यस्तो मुद्रा अर्थतन्त्रको कुन क्षेत्रमा प्रवाहित वा उपभोग हुनुपर्छ भन्ने विषय मौद्रिक नीतिले निर्धारण गर्छ ।

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिकमा** विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७९ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिकको** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने कम्पनी/संस्थाहरूको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं । फोन नं.: 01-4228298, 4226366
Email: madhyanhadaily59@gmail.com

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७९ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइन तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं । फोन नं.: 01-4228298, 4226366
Email: madhyanhadaily59@gmail.com

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**